नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

• वर्ष १ • अंक २६१ • २०८० साल साउन १६ गते मंगलबार • Tuesday 01, August 2023 • सूर्योदय: बिहान ५:२९ बजे • सूर्यास्त: साँझ ६:५४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मन्त्री छन्, पानी छैन

**मधेशदृष्टि**
**वीरगंज ।**
'एक थोपा पानी परेको छैन, सिँचाई हुनै सकेको छैन, मन्त्रीले देखाएको पानी ट्यांकी मात्रै हो,' सोमबार पानी र सिँचाईको समस्या लिएर वीरगंज आइपुगेका धोबिनीका सुरेश साहले भने, 'पानीको स्रोत अभावले रोपाइँ हुन सकेको छैन, हाम्रै क्षेत्रका खानेपानी मन्त्री हुनुहुन्छ, उहाँलाई यसबारे चासै छैन ।'
यति मात्र होइन, यसपटक भारतले गण्डक नहरमा पानी पनि आधामात्र छाडेको छ । नेपालका किसानले पाउनु पर्ने पानी पाएका छैनन् ।
यसले पनि किसानलाई रोपाइँमा समस्या भएको छ । 'भारतले पानी दिएको छैन, आकाशे पानी पनि परेको छैन,' साहले भने, 'मधेश प्रदेश सरकारमा पर्साकै खानेपानी मन्त्री हुनुहुन्छ, उहाँलाई किसानको पीर सुन्ने फुर्सद पनि देखिएन ।'
मधेश प्रदेश सरकारका ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्री





सिंहासन सा कलवार पर्साकै हुन् ।
उनी दोहोर्याएर प्रदेश सभामा जित्ने लोकप्रिय नेता तथा मन्त्री पनि हुन् । सोमबार पाचौँपटक विस्तार भएको मधेश सरकारमा उनको मन्त्रालय र पद साविककै कायम भएको छ । तर पर्साको वीरगंजसहित सबै पालिकामा देखिएको पानीको संकटमा प्रदेश सरकारका ८ नम्बरका मन्त्रीको भूमिका केही नदेखिएकामा सबै अचम्मित छन् । मन्त्री कलवारको मौनता देखेर स्थानीय भनिरहेका छन्, 'मन्त्रीज्यूले थाहै पाउनु भएन कि, थाहा पाएर पनि केही गर्न नसक्ने देखेर मौन रहनु भयो ।' साहले भने, 'भारतले गण्डक नहरमा पानी पनि आधा मात्रै दिइरहेको छ, किन यस्तो भइरहेको छ भनेर मन्त्रीज्यूले सोध्नसमेत सक्नु भएको छैन ।'
यस्तै, छिपरमाइका धर्मेन्द्र मिश्रा पनि पर्सामा मन्त्री छन्, पानी छैन भन्दै मधेशदृष्टिको सम्पर्कमा आए । उनले भने, 'पानीको हाहाकार भइरहेको बेला एकपटक प्रदेश मन्त्री आउनु भयो, सुनिए अनुसार, एउटा मिटिङ भयो, एउटा ट्यांकीमा दुई वटा मिनरल वाटरका बोतल जोडिएका छन्, त्यसले न पर्साको प्यास मेटिन्छ, न रोपाइँ गर्न नै सकिन्छ ।' उनले ५ सय लिटरका ट्यांकीम २ वटा मिनरल बोतल बाँधेर मन्त्रीले दायित्व पूरा भएको ठान्नु भूल हुने बताए ।
'गाउँमा सिँचाईको सुविधा छैन, पिउन पानी छैन, वीरगंजमै पानीको हाहाकार छ, यस्तोबेला मन्त्रीको स्वर कतै सुनिन्न, मन्त्री छन्, प्रदेश सरकार छ भन्ने अनुभूत नै भएन,' उनले भने, 'पिउन पानी छैन, कपडा धुन समस्या छ, पसिनाले कपडा गन्हाएर कोहीसँग गफ गर्न वरपर पनि जान कठिन भइरहेको छ ।'

# गाईको मासु किन्ने पाँचजना पक्राउ

**मधेशदृष्टि**
**बारा**
बाराको मटिअर्वाबाट नेपालमा प्रतिबन्धित १० किलो ग्राम गाईको मासुसहित ५ जनालाई नेपाल प्रहरीले पक्राउ गरेको छ ।
भारतको सीमावर्ती गाउँबाट गाईको मासु लिएर आइरहेको सूचनाका आधारमा प्रहरी चौकी मटिअर्वाबाट खटिएको टोलीले गाईको मासुसहित कलैया उपमहानगरपालिका वडा नम्बर १० निलकण्ठवाका १ जना, कलैया उपमहानगरपालिका वडा नम्बर १३ का २ जना, बाराकै फेटा गाउँपालिका वडा नम्बर ३ का १ जना र पर्साको पोखरिया नगरपालिकाका १ जना गरी ५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरिक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।
नेपालमा प्रतिबन्धित राष्ट्रिय जनावर गाईको मासु ल्याएको भेटिएपछि मासु परीक्षणका लागि पशु क्वारेन्टाइन वीरगंजमा पठाइएकोमा गाईको मासु भएको पुष्टि भएसँगै जनही ५–५ हजार रुपैयाँ जरिवानासमेत गरी थप कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखिएको बोगटीले बताए ।
बरामद गरिएको मासु कलैया उपमहानगरपालिका वडा नम्बर १० का अध्यक्ष महमद साबिरको उपस्थितिमा खाल्डो खनेर नष्ट गरिएको प्रहरीले जनाएको छ ।

# पाँचौपटक मन्त्रिपरिषद् विस्तार



**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेश सरकारमा दुई जना मन्त्री थपिएका छन् । मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार पाँचौपटक मन्त्रिपरिषद् विस्तार गर्दै सरकारलाई पूर्णता दिएका हुन् ।
मन्त्रिपरिषद्मा नेपाली कांग्रेसका मोहमद समिम गृह, सञ्चार तथा कानुन मन्त्री भएका छन् ।
यस्तै, जनमत पार्टीका चन्दन सिंह श्रम तथा यातायात मन्त्री नियुक्त भएका छन् ।
नवनियुक्त मन्त्रीद्वयले प्रदेश प्रमुख हरिशंकर मिश्रबाट पद तथा गोपनीयताको शपथ लिएका छन् । जसपाबाट विना विभागीय मन्त्री रहेकी सुरिता साहलाई मुख्यमन्त्रीको कार्यालयमा जिम्मेवारी दिइएको छ । साह स्वतन्त्रबाट चुनाव जितेर समाजिक विकास मन्त्री बन्दै जसपा प्रवेश गरेकी हुन् । यस्तै, श्रम तथा यातायात राज्यमन्त्रीमा जनमत पार्टीले सिफारिस गरेकी रञ्जु खंग खत्वेको नियुक्ति पनि रोकिएको छ । लोसपालाई पनि एक राज्यमन्त्री दिनुपर्ने भएकाले नियुक्ति रोकिएको हो ।
विना विभागीय राज्यमन्त्री रहेका शेख अब्दुल कलामलाई ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयमा राज्यमन्त्री दिइएको छ ।
यता, मधेश प्रदेश सरकारका दुई मन्त्रीले पदबाट राजीनामा दिएका छन् । प्रदेश सरकारका विनाविभागीय मन्त्री वसन्त कुशवाहा र विना विभागीय राज्यमन्त्री सञ्जयकुमार यादवले सोमबार मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामा दिएका हुन् । उनीहरु दुवै जना जनमत पार्टीका तर्फबाट सरकारमा सहभागी थिए । कुशवाहा यसअघि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री थिए । जेठ ९ गते मुख्यमन्त्री सरोजकुमार यादवले नेकपा एकीकृत समाजवादीका गोविन्द न्यौपानेलाई त्यो मन्त्रालय दिएपछि कुशवाहा विनाविभागीय भएका थिए ।

# आधा मात्रै पानी दियो भारतले



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतले गण्डक नहरमा सम्झौताअनुसार पानी नदिँदा पर्सा, बारा र रौतहटको रोपाइँ प्रभावित भएको छ । सम्झौता अनुसार निर्धारित समयभन्दा दुई महिना ढिलो गरी भारतले नहरमा पानी छोडे पनि ४ सय ५० क्युसेक जति मात्र पानी छाडेको छ । उसले ८ सय क्युसेक पानी छोड्ने सम्झौता छ । नारायणी सिँचाई व्यवस्थापन कार्यालय वीरगंजका अनुसार, वैशाख २७ गतेबाट कार्तिक ८ र पुस १० गतेबाट चैत ११ गतेसम्म गण्डक नहरको पानी छाड्ने भारतसँग सम्झौता छ । यसपटक उसले असार १५ गते मात्र पानी छाडेको हो त्यो पनि आधा मात्रै । ५० वर्ष पुरानो नहरका कारण मर्मत कार्य गर्नु परेको भन्दै भारतले ढिलोगरी अर्थात असार १५ गते पानी छाड्न थालेको छ भने आधा मात्रै दिने गरेको छ । हप्तामा चार दिन बारा र रौतहट तथा तीन दिन पर्सामा पालो गरेर पानी वितरण गर्दा पनि किसानको माग अनुसार पानी पु¥याउन नसकिएको नारायणी सिँचाई व्यवस्थापन कार्यालयले जनाएको छ ।
गण्डक नहरबाट तीन जिल्लामा ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित गर्ने लक्ष्य नेपालको छ । विगतका वर्ष यो अवधिसम्म ७५ प्रतिशत खेतमा धान रोपाइँ सकिने गरेको भए पनि यो वर्ष वर्ष बाराको ११ नम्बर ब्लकसम्म मात्र पानी पुर्याउन सकिएको छ ।

# कात्तिकमै ३० अर्ब खर्च गर्ने योजना



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकार चालू आर्थिक वर्षको सुरुदेखि नै विकास बजेट खर्चमा तीव्रता दिने योजनामा रहेको देखिएको छ । अर्थ मन्त्रालयले आर्थिक वर्षको पहिलो ४ महिनाभित्रै ३० अर्ब २० करोड रुपैयाँ विकास खर्च गर्ने योजना बनाएको छ ।
चालू आर्थिक वर्षको लागि बजेट कार्यन्वयन सम्बन्धी मार्गदर्शनमा मापदण्ड, योजना र समयसीमा तोकिएको छ । सुरुको ६ महिना विकास खर्चै नहुने समस्या हल गर्न मन्त्रालयले यस्तो योजना बनाएको हो । मन्त्रालयले कात्तिकसम्म १० प्रतिशत खर्च गर्ने योजना बनाएको छ । अर्थात् कात्तिक महिनाभित्र विकास बजेटको खर्च सुरु गर्ने र ठेक्का लगाउन पर्ने आयोजनाको पनि कात्तिक महिनाभित्र लगाइसक्ने अर्थ मन्त्रालयको भनाइ छ ।
सरकारले ३ खर्ब २ अर्ब ७ करोड रुपैयाँ विकासमा विनियोजन गरेको छ । ३० अर्ब २० करोड रुपैयाँ खर्च गर्ने योजना बनाएको छ ।
सोहीअनुसार कात्तिकभित्र ठेक्का लगाइसक्न विकासे मन्त्रालयलाई अर्थमन्त्री प्रकाशशरण महतले निर्देशन दिएका छन् ।

# वडाध्यक्षकै उपस्थितिमा पोलमा बाँधेर कुटपिट

## अपांग कुट्ने वडाध्यक्ष पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
मदिरा सेवन गरी अपाङ्ग ज्येष्ठ नागरिकलाई कुटपिट गरेको आरोपमा बारा, प्रसौनी गाउँपालिकाका वडा अध्यक्ष वृजकिशोर कुशवाहालाई प्रहरीले नियन्त्रणमा लिएको छ । कुशवाहाले आइतबार मदिरा सेवन गरी प्रसौनी गाउँपालिका वडा नम्बर ६ का ७० वर्षीय अपाङ्ग ज्येष्ठ नागरिक मुस्लिम अन्सारीलाई कुटपिट गर्नुका साथै अभद्र व्यवहार गरेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।
वडा अध्यक्षलाई नियन्त्रणमा लिएसँगै मेडिकल परीक्षण गर्दा मादक पदार्थ सेवन नगरेको प्रमाणित भएसँगै थप कारबाहीका लागि प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौरमा वडाअध्यक्षकै अगाडि युवकलाई विद्युत्को पोलमा हात, खुट्टा बाँधेर निर्मम रुपमा कुटपिट गरिएको भिडियो सार्वजनिक भएको छ । गौर नगरपालिकामा राणाकालीन शैली कायम एक्काइसौँ सताब्दीमा समेत युवकलाई विद्युत् पोलमा बाँधेर वडाअध्यक्षकै उपस्थितिमा निर्घात कुटपिट गरिएको घटनाले मानवअधिकारको खिल्ली उडाएको छ । गौर नगरपालिका वडा नम्बर ३ पोखरिया टोल बस्ने २४ वर्षीय युवकसँग अर्को युवकको शुक्रबार सामान्य झडप भएको घटनालाई लिएर आइतबार पुरै गाउँकै सामुहिक उपस्थिति र वडाअध्यक्ष शेख अनसारूल समेत रहेको बैठकमा ती युवकलाई अर्को युवकको आफन्तले विद्युत् पोलमा डोरीले बाँधेर पशुजस्तो निर्मम कुटपिट गरेको पीडितको दाइ अलियास अन्सारीले बताए ।
घरमा कोही सदस्य नभएका बेला आफू काम विशेषले वीरगंज जाँदा भाइलाई जनावर जस्तो विद्युत् पोलमा दुवै हात, खुट्टा बाँधेर राणाकालिन शैलीमा लठ्ठी र प्लास्टिकको पाइपले पिट्नुका साथै मुक्का प्रहार गरी वडाअध्यक्षकै अगाडि निर्ममताका साथ कुटपिट गरिएको भिडियोसमेत सार्वजनिक भएको छ ।
तीन दिनअघि भएको झडपमा युवकको गल्ती भए पनि कानुन हातमा लिएर कुटपिट गर्ने अधिकार जनप्रतिनिधिलाई कसले दियो भन्ने प्रश्न रौतहटमा उठेको छ । कानुन हातमा लिनेलाई कडा कारबाही मागसमेत स्थानीयले गरेका छन् ।



# नेकपा एसले बोलायो तीनवटै बैठक

**रासस**
**काठमाडौँ ।**
नेकपा एकीकृत समाजवादीको केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटी बैठक साउन १९ गतेदेखि सुरु हुने भएको छ । आवश्यक तयारी नभएकाले अनिश्चितकालका लागि भन्दै केही दिन पहिले स्थगित गरिएको सूचना गरिएकामा बैठक यही साउन १९ गतेदेखि सुरु गरिने सो पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । उनका अनुसार, केन्द्रीय सचिवालय बैठक साउन १९ गते बिहान ८ बजे पुष्पलाल स्मृति प्रतिष्ठान, चम्पादेवीमा बस्ने भएको छ । त्यसैगरी, स्थायी कमिटी बैठक साउन २० र २१ गते बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालयमा, पोलिटब्युरो आउँदो भदौ ३ र ४ गते पार्टी केन्द्रीय कार्यालय तथा केन्द्रीय कमिटी बैठक भदौ ५, ६ र ७ गते बिहान १० बजे कान्तिपुर गार्डेन ब्याङ्क्वेट, बालकुमारी, ललितपुरमा बस्ने भएको छ । बैठकमा रिपोर्टिङ÷राजनीतिक प्रतिवेदनमाथि छलफल, समसामयिक परिस्थिति र पार्टीको कार्यभारलगायत विविध विषयमा छलफल गरिने पार्टीले जनाएको छ ।

# कर्मचारीले एक वर्षदेखि पाएनन् तलब

**रासस**
**सर्लाही ।**
सर्लाहीको सागरनाथ वन परियोजनामा करिब २० करोड रुपैयाँ मूल्यको काठ बिक्री नभएर थन्किएको छ । परियोजना क्षेत्रमा उत्पादन भएको काठ बिक्री नहुँदा परियोजनाका एक सय ४६ कर्मचारी विगत करिब एक वर्षदेखि तलब नपाएर आन्दोलित भएका छन् । सरकारले वन नियमावलीमार्फत गोलिया काठ मापन गर्ने नयाँ शूत्र (हुबर) लागू गरेपछि परियोजना क्षेत्रबाट उत्पादन भएको काठ बिक्री नभएको परियोजनाका निमित्त प्रमुख शिवेन्द्र चौधरीले बताए । उनका अनुसार विगतका वर्षहरूमा (क्वाटर गर्थ) शूत्रमार्फत काठ बिक्री गर्ने गरिएको भए पनि हुबर शूत्रले हिसाब गर्दा काठको परिमाण धेरै निस्किने गरेको र नयाँ नियमावलीले राजस्व दर पनि बढाएका कारण परियोजनाको काठ बिक्री नभएको हो ।काठ व्यापारी नयाँ शूत्रअनुसार निस्किएको परिमाण र बढेको राजस्व दरमा परियोजनाको काठ गरिद गर्न अनिच्छुक भएका कारण परियोजना क्षेत्रमा उत्पादन भएको टिक, सिसौँ, कर्मा, जामुन, अस्ना, टुनी, शिरिष, भुडकुल, गुटेल र बाँझी आदि प्रजातिका काठ लामो समयसम्म बाहिरै राखिँदा कुहिने अवस्थामा पुगेको जनाइएको छ । ठेकेदारले यस प्रकारका काठ खरिद गर्न नचाहेका र काठ बिक्री नहुँदा परियोजनाका कर्माचारी करिब एक वर्षदेखि तलबविहीन भएका परियोजनाका लेखापाल सुरेन्द्र जोशीले बताए । काठ बिक्री नभएपछि यसको प्रभाव वन पैदावार विकास समितिलाई परेको छ । समितिले सागरनाथ वन परियोजनाकै वन पैदावार बिक्रीको आम्दानीबाट खर्च व्यवस्थापन गर्दै आएको भए पनि लामो समयदेखि काठ बिक्री नहुँदा समिति अहिले आर्थिकरुपमा धरासायी बन्दै गएको समितिका प्राविधिक उपसचिव जीतेन्द्र कर्माचारीले बताए । उनका अनुसार हाल समितिअन्तर्गत सागरनाथ वन विकास परियोजना सर्लाही र रतुवामाई वृक्षारोपण आयोजना केर्खा झापा गरी दुई वन विकास परियोजना सञ्चालनमा छन् । काठको यही समस्याका कारण समितिसहित यी आयोजनामा कार्यरत करिब एक सय ९२ कर्मचारीले विगत करिब एक वर्षदेखि नै तलब खान नपाएपछि उनीहरू आन्दोलित भएको समितिका प्राविधिक उपसचिव कर्माचार्यले जानकारी दिए । वन पैदावार बिक्रीबाट विगतमा वार्षिक सरदर पाँचदेखि सात करोड रुपैयाँ राजश्व तथा दुईदेखि तीन करोड रुपैयाँ भ्याट समितिले बुझाउँदै आएको थियो । यस्तै, प्रत्यक्षरुपमा नियमित तथा वृक्षरोपण गोडमेललगायत कार्यमार्फत एक हजारभन्दा बढीलाई वार्षिक रोजगारी प्रदान गर्दै आइरहेको थियो । एकातिर परियोजना क्षेत्रमा उत्पादन भएको काठ नबिकेर वनमा सड्ने अवस्थामा पुगेको छ भने अर्कोतिर कर्मचारीले एक वर्षदेखि तलब पाएका छैनन् । यसको दोष काठ मापनको नयाँ शूत्र (अुबर) रहेको परियोजनाले जनाएको छ । एक वर्षसम्म तलब खान नपाउँदा घर खर्च चलाउन मुस्किल भएको साथै कर्मचारीको मनोबलसमेत खस्केको नेपाल निजामती कर्मचारी सङ्गठन सागरनाथका अध्यक्ष एवम् आन्दोलन सङ्घर्ष समितिका अध्यक्ष छत्रबहादुर लामाले बताए । 'एक महिना ढिलो तलब आउँदा सबैलाई कति गाह्रो हुन्छ । एक वर्षसम्म पनि तलब नआउँदा हामीलाई कस्तो भयो होला ?' 'जङ्गलमा काठ सडाएर हाम्रो पेट भोको कतिञ्जेल राख्ने ? राज्यको सम्पत्ति जङ्गलमा नै सडाएर फाल्ने यो हुबर शूत्रको के काम ?' सरकारले समस्या समाधान गर्ने आश्वासन दिए पनि काम नगरेका कारण सोही समस्या बल्झिएको सागरनाथ वन परियोजनाका लेखापाल युवराज कार्कीले बताए । 'परियोजनाको मात्रै काठ बिक्री भए २० करोड रुपैयाँ आम्दानी हुन्छ, समस्या समाधन हुन्छ तर, हुबर शूत्रपछि काठ व्यवसायीले काठ किन्नै मानेनन् । आम्दानीको बाटौ नै बन्द हुँदा समस्या आएको हो,' उनले भने । दुवै स्थानको वन परियोजनाका एक सय ९२ कर्मचारीका लागि मासिक करिब ७५ लाख रुपैयाँ खर्च हुने गरेको परियोजनाले जनाएको छ । समितिका प्राविधिक उपसचिव कर्माचार्यले भने, 'हुबर शूत्रका कारण २७ दशमलव तीन प्रतिशतसम्म काठको परिमाण बढ्छ । सरकारले टिकमा ६० प्रतिशत र मसलामा ७५ प्रतिशत राजश्व बढाएको छ । यही कारण काठ महँगो भएकाले बिक्रै छोड्यो, कर्मचारीलाई तलब खुवाउनसमेत समितिलाई धौ–धौ परिरहेको अवस्था छ ।'

# साहिब दरबारद्वारा भक्तजनलाई प्रसाद वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजलगायत देशभरका शिवमन्दिरमा सोमबार दर्शनार्थीहरुको ठूलो घुइँचो लागेको छ ।
साउनको तेश्रो सोमबार वीरगंजको सानो पशुपतिनाथ, अलखियामठ, भाठास्थित दुधेश्वर महादेव मन्दिरलगायतका शिव मन्दिरमा दर्शनार्थीको दिनभर घुइँचो लागेको छ ।
यसैगरी, वीरगंजको चिनीमिल परिसरमा रहेको पशुपतिनाथ मन्दिरमा पुजा अराधनाका लागि आएका श्रद्धालु भक्तजनलाई साहिब दरबारले प्रसाद वितरणलाई तेस्रो साता पनि निरन्तरता दिएको छ ।
मन्दिरमा साउन महिनाभर श्रावणी मेला लाग्ने र विषेशगरी सोमबार श्रद्धालुहरुको बढी भिड हुने भएकाले साहिब दरबारले निरन्तर तेस्रो साता पनि मन्दिर दर्शन गर्न आएकालाई सर्वत र प्रसाद वितरण गरेको हो ।
मन्दिर दर्शन गर्न आएका दर्शनार्थीलाई चर्का गर्मीमा चिसो सर्वत वितरण गरेर दर्शन सहज गराउने काम गरिएको साहिब दरबारका अध्यक्ष उमेशलाल सहनीले बताए ।
तीन साता अघिदेखि सर्वत र प्रसाद वितरण गर्न सुरु गरेको साहिब दरबारले श्रावणी मेलाभर हरेक सोमबार यसलाई निरन्तरता दिने छ ।
संस्थाका पदाधिकारी, मन्दिर समितिका सदस्य तथा स्थानीयको सहयोगमा संस्थाका पदाधिकारीले प्रसाद वितरण गरेका थिए ।

# शिक्षकको परीक्षा असोज १४ गते

**मधेशदृष्टि**
**वीरगंज ।**
शिक्षक सेवा आयोगले प्राथमिक तह शिक्षक पदको आगामी असोज ६ गते तोकिएको विषयगत परीक्षा १३ गतेलाई सारेको छ । सोमबार सूचना प्रकाशित गरी शिक्षक सेवा आयोगले लोकसेवा आयोगले लिने खरिदार पदको परीक्षासँग जुध्न गएकाले १३ गतेलाई सारिएको जानकारी दिएको छ ।
परीक्षा हुने समय र स्थान भने परिवर्तन गरिएको छैन ।
आयोगले प्रावि तहमा शिक्षक पदको लागि ६ हजार १३ रिक्त दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्न लागेको हो ।

# मनाइयो साउन १५ खिर खाएर

**मधेशदृष्टि**
**वीरगंज ।**
साउन १५ गते अर्थात् देशभर खिर खाएर यो पर्व मनाइएको छ ।
असार १५ गते दहीच्यूरा र साउन १५ मा खिर खाने नेपाली परम्परा छ । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खिर खाने गरिएको हो ।
दूधमा मरमसलालगायत चीजबीज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । साउन महिनामा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइने र यो बेला गाई, भैँसीले पनि धेरै दूध दिने हुँदा इष्टमित्र, चेलीबेटीलाई घरमा बोलाएर खिर खाने चलन परम्परागत रुपमा चल्दै आएको छ ।
चामल, साबुदाना, सेवई, मकै, गाजरलगायतको खिर बनाउने गरिन्छ । साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खिरसमेत बनाएर खाने चलन छ ।
दुधबाट बनेको खिरले मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्ने राष्ट्रिय दुग्ध विकास बोर्डले जनाएको छ ।
बोर्डको २०७७ साल फागुन १५ गते बसेको बैठकले साउन १५ लाई खिर खाने दिन अर्थात् खिर दिवसका रुपमा मनाउने निर्णय गरेको थियो ।

# समाचार बुलेटिनमा कटौती

**मधेशदृष्टि**
**वीरगंज ।**
रेडियो वीरगंज ९९ मेगाहर्जले हरेक घण्टा प्रसारण गर्दै आएको समाचार बुलेटिनमा कटौती गरेको छ ।
प्राविधिक कारणले केही दिनका लागि रेडियोमा प्रसारण हुँदै आएको बिहान १०, ११, दिउँसो १, २, ४ र साँझ ५ बजेको समाचार कटौती गरिएको र बिहानको ५:३० बजेको समाचार बुलेटिन सहित ७ बजे र ८ बजेको समाचारका साथै साँझ ६ बजे र राति १० बजेका समाचार बुलेटिनहरु भने प्रसारणमा रहने रेडियो वीरगंजका कार्यकारी अध्यक्ष धुव्र साहले जानकारी दिए ।
समाचारमा आमूल परिवर्तनसहित व्यवस्थापकीय सुधारका साथ केही दिनपछि पुनः हरेक घण्टा समाचारसहित सम्पूर्ण बुलेटिनले निरन्तरता पाउने साहले जानकारी दिए ।

# असोज १ गतेदेखि द्रूत बससेवा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आगामी असोज १ गतेदेखि द्रूत बससेवा सञ्चालन गर्न लागेको बताएका छन् ।
एकीकृत सरकारी कर्मचारी संगठनद्वारा आयोजित कार्यक्रममा मन्त्री ज्वालाले पहिलो चरणमा धुलिखेलदेखि रत्नपार्कसम्म ४० सिट क्षमताका २५ वटा बस सञ्चालनको गृहकार्य भइरहेको जानकारी दिए । सेवाका लागि छुट्टै सडक ल्यान्ड निर्माण थालिएको बताउँदै उनले सडक जाम हुने पिक आवरमा साँझ र बिहान सञ्चालन गर्ने सेवाबाट सर्वसाधारण लाभान्वित हुने विश्वास व्यक्त गरे । सेवालाई क्रमिक रूपमा काठमाडौँ उपत्यकामा विस्तार गरिने उनको भनाइ थियो। मन्त्री ज्वालाले निजामती सेवा ऐन छिट्टै ल्याउन मन्त्रिपरिषद्मा छलफल चलिरहेको जानकारी दिँदै आगामी अधिवेशनमा पारित गरिने विचार व्यक्त गरे । यसैबीच, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका राज्यमन्त्री नन्दा चपाईले निजामति आन्दोलनका सहिद मनोज जोशी, झपेन्द्र कार्की तथा सुरेन्द्र बिकको स्मृति दिवसका अवसरमा सिभिल अस्पतालमा बिरामीलाई फलफुल वितरण गरेकी छिन् । काठमाडौँको नयाँ बानेश्वरस्थित निजामती अस्पतालको सभाहलमा निजामती आन्दोलनका सहिदहरुको सम्झनामा कार्यक्रम आयोजना गरिएको थियो । नेकपा एकीकृत समाजवादीनिकट सरकारी कर्मचारी संगठनले कार्यक्रम आयोजना गरेको हो । राज्यमन्त्री चपाईले मुलुकमा परिवर्तनका लागि विभिन्न कालखण्डमा जीवनको योगदान गर्ने सहिदहरुको योगदानको कदर गर्नुपर्नेमा जोड दिइन् ।

# धरौटी बुझाउन नसक्दा दुई मिटरब्याजी कारागार चलान



**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराज वडा नम्बर ७ का दुई कारोबारी ठगी तथा आपराधिक विश्वासघात मुद्दामा पुर्पक्षका लागि कारागार चलान भएका छन् ।
प्रवक्ता डिएसपी नरेश कुमार सिहका अनुसार कारागार चलान हुनेमा ६४ वर्षीय रमा प्रसाद साहु र ६६ वर्षीय हेम नारायण झा छन् ।
प्रवक्ता सिंहका अनुसार, साहुले १८ लाख तथा झाले २५ लाख धरौटी रकम बुझाउन नसक्दा शुक्रबार सप्तरी जिल्ला अदालतको आदेशले राजविराज कारागार चलान भएका हुन् ।
शुक्रबार अबेर साँझसम्म चलेको थुनछेक बहसपछि अदालतले तोकेको धरौटी रकम बुझाउन नसक्दा उनीहरुलाई कारागार चलान गरिएको हो । अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा श्रीराम कृष्ण यादव, कौशल्या देवी र सुनिता देवी साहको जाहेरीको आधारमा साहु विरुद्ध ठगी तथा अपराधिक विश्वासघात मुद्दा चलाइएको थियो ।

# महोत्तरीमा ४० प्रतिशत मात्र रोपाइँ



**रासस**
**जलेश्वर ।**
महोत्तरीमा यसपालि समयमा वर्षा नहुँदा अहिलेसम्म ४० प्रतिशत मात्र धान रोपाइँ भएको छ ।
कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख डा रामचन्द्र यादवका अनुसार, यसपटक मनसुनी वर्षा नहुँदा र किसानले समयमै ब्याड राख्न नपाउँदा कम रोपाइँ भएको हो ।
साउन महिनाको दोस्रो साता बित्न लाग्दा पनि जिल्लामा यथेष्ट पानी परेको छैन । यहाँका किसानले स्यालो ट्युवबेल, डिप ट्युवबेल र मोटरको पानी प्रयोग गरेर महँगो खर्च गरेर जेनतेन ४० प्रतिशत खेत रोपाइँ गरेका छन् ।
उनले जिल्लाको धान खेतीयोग्य जग्गा ४५ हजार हेक्टर रहेकामा अहिलेसम्म मात्र नौ हजार नौ सय हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको जानकारी दिए । पानी नै नपरेका कारण किसानले महँगो मूल्यमा सिँचाइ गरेर रोपेका धानका बिरुवा पनि अहिले सुक्न थालेको जलेश्वर नगरपालिका–८ का किसान विपेन्द्र पाण्डले गुनासो गरे । उनले आफ्नो खेतमा लगाएको धानका बिरुवा सुक्न थालेको र खेतभरि धाँजोसमेत फाटेको बताए ।
अर्का किसान रामु मण्डलले आफ्ना धानका बिरुवा ब्याडमै सुकिरहेको बताए । जलेश्वरकै छिमेकी गाउँपालिका एकडारा–४ का किसान उपेन्द्र यादवले आफ्नो गाउँभरि नै यसपालि रोपाइँ हुन नसकेको र रोपेको धान पनि अहिले सुकिरहेको बताए ।
रामगोपालपुर नगरपालिका–५ का किसान प्रमोद मण्डलले पानी नपर्दा यसपालि रोपाइँ गर्न नपाएको गुनासो गरे । जिल्लामा सिँचाई पुगेको जग्गा २१ हजार हेक्टर मात्रै रहेको छ र अन्य जग्गामा अहिले पनि आकाशे पानीकै भरमा धान खेती हुँदै आएको केन्द्रले जनाएको छ ।
कृषि ज्ञान केन्द्रले यसपालि जिल्लामा धान उत्पादनमा ह्रास आउने अनुमानसमेत गरेको छ ।

# श्रावणी मेला तथा बोलबम



**मधेशदृष्टि**
**वीरगंज ।**
बोलाबम कवारिया संघद्वारा पशुपतिनाथको प्राङ्गणमा आयोजित २७ औ श्रावणी मेला एवम् विशाल बोलबम कार्यक्रम भएको छ ।
नेपालको प्रसिद्ध धार्मिक स्थल पशुपतिनाथको प्राङ्गणमा बोलबम कावरिया संघ ले २७ औ श्रावणी मेला एवम् विशाल बोलबम कार्यक्रम गरेको हो ।
२७ औँ श्रावणी मेला एवम् विशाल बोलबम कार्यक्रम पूर्व प्रधानमन्त्री तथा नेकपा एसका अध्यक्ष माधव नेपालको प्रमुख आतिथ्यता तथा बोलबम कावरिया संघका अध्यक्ष रामाज्ञा साहको अध्यक्षतामा भएको हो । कार्यक्रममा पर्सा निर्वाचन क्षेत्र नं १ सांसद प्रदीप यादव, नेपाली कांग्रेस मधेश प्रदेश सभापति एवम् भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णा यादवलगायत विभिन्न राजनीतिक दलका नेताको उपस्थिति थियो ।



# मटिहानी नगरपालिकाले उपराष्ट्रपति यादवको नागरिक अभिनन्दन गर्ने



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको मटिहानी नगरपालिकाले उपराष्ट्रपति रामसहाय प्रसाद यादवको नागरिक अभिनन्दन गर्ने भएको छ । मटिहानी नगरपालिका–७ तस्मैयाबाबा उद्यानमा जडान गरिएको ११० फिट अग्लो राष्ट्रिय झण्डा फहराउने कार्यक्रमका लागि सहभागी हुने उपराष्ट्रपति यादवको मङ्गलबार नागरिक अभिनन्दन गरिने मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिएका छन् ।
मटिहानी नगर कार्यपालिकाको कार्यालयको निमन्त्रणामा उपराष्टपति यादवको मङ्गलबार बिहान ११० फिट अग्लो राष्ट्रिय झण्डा फहराउने कार्यक्रम रहेको छ । सोही समारोहमा उनको नागरिक अभिनन्दन गरिने समारोह समितिका अध्यक्षसमेत रहेका नगरप्रमुख मण्डलले जानकारि दिएका छन् ।मटिहानी भ्रमणक्रममा उपराष्ट्रपति यादवले पौराणिक एवं धार्मिक महत्वको लक्ष्मीनारायण मन्दिरमा पुजापाठ , सन्त तस्मैया बाबाको समाधीस्थलमा पुष्पगुच्छा अर्पण तथा लक्ष्मीसागर तलाउमा भगवान लक्ष्मीनारायणको महाआरती गर्नुहुने कार्यक्रम छ । यसैगरी उपराष्ट्रपति यादवले मुलुककै जेठो ३०५ वर्ष पहिले स्थापित गुरुकूल (हालको राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानी), महामुनि याज्ञवल्क्य र भगवान लक्ष्मीनारायणका नाउँमा स्थापित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने संस्कृत क्याम्पस) र लक्ष्मीनारायण मठको अवलोकन गर्ने कार्यक्रम रहेको मटिहानी नगर कार्यपालिकाको कार्यालयले जनाएको छ ।
यसक्रममा उपराष्ट्रपति यादवले पीरबाबा मजारको दर्शन र मटिहानीस्थित रङ्गशालाको अवलोकन गर्ने जनाइएको छ ।
हिन्दू सनातन परम्पराका महासन्त तस्मैयाबाबा र इस्लाम परम्पराका सुफी सन्त पीरबाबा १६ औं सताब्दीमा आधुनिक मटिहानीको जग बसाउने व्यक्तित्व मानिन्छन् । त्यसैगरी लक्ष्मीसागर अघि त्रेता युगमा रामसीताको विवाहमा यज्ञवेदी बनाउन माटो खनिएको पवित्रस्थल मानिन्छ ।
मटिहानी–७ स्थित लक्ष्मीनारायण मठ मुलुकभरिकै वैष्णव मठहरुको नायक मठ रहँदै आएको छ ।

# भगवानकै अगाडि नेताको शालिक बनाएकोमा विरोध



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको एक मन्दिरमा भगवानकै मुर्ति अगाडी नेताको शालीक बनाइएको विरोधमा युवाहरुले विरोध प्रर्दशन गरेका छन् । जलेश्वर नगरपालिकाको वडा नम्बर– ५ चौरिया गाउँमा रहेको हनुमान मन्दिरमा अवस्थित हनुमान भगवानको मूर्ति अगाडि नेताको शालिक बनाइएको विरोधमा स्थानीय युवाहरुले सोमबार जिल्ला जलेश्वरमा प्रदर्शन गरेका हुन् ।
मधेश प्रदेश सरकारको ६५ लाख रुपैयाको लागतमा चौरिया गाउँमा रहेको हनुमान मन्दिरकै प्राङ्गनमा स्वर्गीय नेता गणेश नेपालीको शालिक तथा पार्क निर्माण योजना अन्तर्गत मन्दिरभित्र रहेको हनुमान भगवानको ठीक पहिले नेता नेपालीको शालिक बनाएर भगवानलाई ओझेलमा पारेको र नेतालाई भगवान भन्दा ठूलो बनाएको भन्दै स्थानीय युवाहरुले जलेश्वरमा प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरुले मन्दिर प्राङ्गनबाट नेताको शालिक तुरुन्त हटाइनुपर्ने, योजनामा २५÷३० लाख खर्च भएकोलाई ६५ लाख खर्च देखाएर गरिएको भ्रष्टाचारलाई सरोकारवाला निकायहरुले स्थलगत अनुगमन निरीक्षण गरेर अनियमितता भएको रकमा बाँकी सरह असुल उपर गर्नुपर्ने र दोषी देखिएकाहरुलाई नेपालको कानून बमोजिम हदैसम्मको कारबाही गरिनुपर्ने माँग गरेका छन् ।
नेता गणेश नेपालीका छोरा नेपाली काँग्रेसका नेता बजरंग नेपालीले मधेश प्रदेश सरकारबाट आफ्नो पहुँचको आधारमा बजेट ल्याएर मन्दिरभित्रै शालिक निर्माण गरेर साँस्कृतिक अपराध गर्नुका साथै बजेटको दुरुपयोग गरेर लाखौ अनियमितता समेत गरेको आरोप लगाउँदै युवाहरुले महोत्तरीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत बुझाएका छन् ।
हिन्दु बाहुल्यता रहेको नेपालको आराध्यदेव पशुपतिनाथ, माता सीता, गौतम बुद्ध सहित देशमा विभिन्न गाउँठाउँमा रहेको विभिन्न देवी देवताका मन्दिरमा कही, कतै पनि कुनै नेता वा शहिदको शालिक बनाएको छैन् । तर चौरिया गाउँमा भगवान हनुमानको मूर्ति अगाडि हनुमानको मूर्ति भन्दा पनि ठूलो आकारमा बनाइएको यस शालिकले हिन्दुहरुको धार्मिक आस्थामाथि ठूलो प्रहार गरेको भन्दै स्थानीयहरुले प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित सरोकारवाला निकायसमक्ष यस ज्ञापन पत्र पठाइदिन आग्रह गरेको ज्ञापन पत्रमा उल्लेख छ ।मधेश प्रदेशको ६५ लाख बजेटलाई बजरंग नेपालीले आफ्नो खल्तीको मान्छे स्थानीय मदन कापरलाई अध्यक्ष बनाएर १५ लाख र उनका छोरा रबिन कापरलाई अध्यक्ष बनाएर ५० लाखको लागतमा शालिक र पार्क निर्माण सम्पन्न भएको देखाएर ठूलो आर्थिक अनियमितता समेत गरेको स्थानीयहरुले आरोप लगाएका छन् । हनुमान मन्दिरमा पूजा अर्चन ◌गर्न जाने जोकोहीलाई पनि भगवान भन्दा पहिले स्व.नेता गणेश नेपालीको शालिकको दर्शन गर्नुपर्ने अवस्था सिर्जना गरेर बजरंग नेपालीले नियतवस हिन्दु धर्ममाथि खेलबाड गरेको समेत ज्ञापन पत्रमा उल्लेख छ ।
मन्दिरभित्र शालिक निर्माण गर्न पाउँदैन, भ्रष्टाचारी बन्द गर, भ्रष्टाचारीलाई कारबाही गर, भगवानको मूर्ति अगाडि नेताको शालिक राख्न पाउँदैन, बजरंग नेपाली मुर्दाबाद लगायतका नाराहरु लगाउँदै स्थानीयहरुले जलेश्वर नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी, जिल्ला प्रहरी कार्यालय महोत्तरी र जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारलाई समेत ज्ञापन पत्र बुझाएका छन् ।

# मृतकका आफन्तद्वारा अस्पतालमा तोडफोडपछि सहमति




**मधेशदृष्टि**
**सप्तरी ।**
कञ्चनपुर नगर अस्पतालमा सोमबार मृत्यु भएका युवाको उपचारमा संलग्नलाई निलम्बन गर्ने सहमतिपछि आन्दोलन स्थगित रोकिएको छ ।
कञ्चनपुर अस्पतालका सप्तकोसी नगरपालिका वडा नम्बर ९ का १६ वर्षीय ओमप्रकाश कुमार खङ्कको स्वास्थ्यकर्मीको लापरबाहीका कारण मृत्यु भएको भन्दै आफन्त र स्थानीयले सोमबार बिहान अस्पतालमा ढुंगामुढा प्रहार गरेका थिए ।
भिड नियन्त्रण गर्न प्रहरीले तीन राउन्ड अश्रुग्यास प्रहार गरेपछि आन्दोलनकारी तितरबितर भएका थिए । भिडले कञ्चनरूप नगरपालिकामा तालाबन्दी गरी पूर्वपश्चिम राजमार्गसमेत अवरुद्ध गर्ने प्रयास गर्दा ३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।
मृतकको शव पोस्टमार्टम गर्न अस्पतालबाट विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ भने कञ्चनपुरस्थित इलाका प्रहरी कार्यालय भएको सर्वपक्षीय सहमतिमा मृतकका परिवारलाई क्षतिपूर्ति, किरियाखर्च ५१ हजार रुपैयाँ उपलब्ध गराइने भएको छ ।
कार्यपालिकाको बैठकबाट निर्णय गरेर ५ लाख रुपैयाँ दिने, उपचारमा संलग्नलाई तत्काल निलम्बन गरिने, ७ सदस्य छानबिन समिति गठन गरिनेलगायतका सहमति पछि आन्दोलन रोकिएको छ ।
ज्वरो आएपछि उपचारका लागि कञ्चपुर नगर अस्पतालमा आइतबार बिहान ११ बजे भर्ना भएका खङ्गलाई अस्पतालले दिउँसो साढे ४ बजे मृत घोषणा गरेको थियो ।

# हेलिकोप्टरमार्फत सुत्केरी र बच्चाको उद्धार

**रासस**
**सङ्खुवासभा ।**
सदरमुकाम खाँदबारीबाट सुत्केरी र बच्चाको उद्धार गरिएको छ । पाँचखपन नगरपालिका–७ जलजलाकी २६ वर्षीय सुत्केरी सीता थापा खड्का र बच्चाको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको जिल्ला प्रशासन कार्यालय सङखुवासभाका सूचना अधिकारी विमल पौडेलले जानकारी दिए । सुत्केरी खड्का र बच्चाको राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत उद्धार गरिएको हो । सुत्केरी भएको १५ मिनेटपछि बच्चाको फोक्सोमा समस्या देखिएको थियो ।
बच्चालाई मुटु र फोक्सोमा समस्या भएपछि जिल्ला अस्पतालमै केही बेर आइसियु र तीन घण्टा भेन्टिलेटरमा राखिएको जिल्ला अस्पताल सङ्खुवासभाका मेडिकल अधिकृत प्रदीप सिलवालले जानकारी दिए । बच्चाको मुटु र फोक्सोमा समस्या देखिएपछि थप उपचारका लागि काठमाडौँ रेफर गरिएको मेडिकल अधिकृत सिलवालले बताए । सुत्केरी खड्काको आज बिहान साढे १० बजे शल्यक्रियामार्फत बच्चा निकालिएको अस्पतालले जनाएको छ । सङ्खुवासभामा राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हालसम्म एक दर्जनभन्दा बढी सुत्केरी तथा गर्भवतीको उद्धार गरिएको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गरी तोकिएका अस्पतालमा पु¥याउने व्यवस्था मिलाउने गरिएको छ । सरकारले दुर्गम भेगमा जोखिममा परेका गर्भवती, लगातार लामो व्यथा लागी बच्चा जन्माउन कठिनाइ भएका, गर्भमा नै बच्चाको मुत्यु भएमा र सुत्केरीपश्चात् अत्यधिक रक्तस्राव भएको अवस्थामा निःशुल्क उद्धार गर्दै आएको छ ।

# माओवादी परित्याग गरी केन्द्रीय नेताहरु जसपामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका नेताहरुले पार्टी परित्याग गरी जनता समाजवादी पार्टी नेपाल (जसपा) मा प्रवेश गरेका छन् । सोमबार जसपा नेपालको पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजित एक सामारोहमा माओवादी केन्द्रका अम्बिका कुमारी बिश्वकर्मा, श्रीनारायण बिश्वकर्मा लगायतका नेताहरु जसपा प्रवेश गरेका हुन् ।
जसपा नेपालका अध्यक्ष मा. उपेन्द्र यादवले नवप्रवेशी नेताहरुलाई खादामाला र टिका लगाएर पार्टीमा स्वागत गरेका छन् । धनुषाधामको भिमानमा स्थायी घर भएकी अम्बिका विश्वकर्मा यसअघि माओवादी केन्द्रबाट धनुषामा उपमेयर र प्रदेश सभाको समानुपातिक सांसद उम्मेदबार रहेका थिए ।
पार्टी प्रवेश कार्यक्रममा जसपाको तर्फबाट मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, जसपाका संघीय सांसद दिपक कार्की, राष्ट्रिय सभा सदस्य मृगेन्द्र सिंह यादव, बुद्धिजीवि पेशाकर्मी महासंघका केन्द्रीय अध्यक्ष सीताराम साह लगायतको उपस्थिति रहेको थियो ।

# लेखापाल राउतविरुद्ध भ्रष्टाचार मुद्दा दायर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्सी गाँउपालिका लेखापाल रौशन कुमार राउतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । कोभिड–१९ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न पश्चात उक्त कार्यक्रमको भुक्तानी दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस÷रिसवत लिई भ्रष्टाचार गरेको आरोपमा महोत्तरीको सम्सी गाउँपालिकाका लेखापाल राउतविरुद्ध आज विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरिएको हो । सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचनाका आधारमा अख्तियारको कार्यालय बर्दिबासबाट खटिई गएको टोलीले लेखापाल राउतलाई सेवाग्राहीबाट एक लाख पच्चीस हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा गत असार २० गते नियन्त्रणमा लिएको थियो । अनुसन्धानको सिलसिलामा लेखापाल राउतले एक लाख पच्चीस हजार रुपैयाँ घुस लिएको पुष्टि भएको अख्तियारका प्रवक्ता भोला दाहालले बताए । राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा एक लाख पच्चीस हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको प्रवक्ता दाहालले बताए ।

# पत्रकार पोखरेलमाथि प्रहरीद्वारा कुटपिट



**मधेशदृष्टि**
**राजविराज ।**
नेपाल पत्रकार महासंघ सप्तरीका सल्लाहकार मनोहर पोखरेलमाथि जिल्ला प्रहरी कार्यालय सप्तरी परिसरभित्रै कुटपिट र दुव्र्यवहारको घटना भएको छ । अन्नपूर्ण पोष्ट दैनिकका सप्तरी प्रतिनिधि समेत रहेका पोखरेलमाथि प्रहरी सहायक निरीक्षक राजेश्वर महतोले कुटपिट गर्दै दुर्वव्हार गरेको हो । बुट तथा मुक्काबाट कुटपिटका कारण पत्रकार पोखरेल घाईते भएका छन् । सम्वेदनशिल अंग र अनुहारमा चोटपटक लागेका उनको राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भईरहेको छ । प्रेस चौतारी नेपालका पूर्वउपाध्यक्ष समेत रहेका पोखरेलले समाचार संकलनका लागि प्रहरी कार्यालयमा पुगेर प्रहरी सहायक प्रहरी सहायता कक्षमा रहेका महतोसँग केही तथ्यांक माग गरेका थिए । उनले फुर्सद छैन भन्दै विवाद गरे र अपशब्द प्रयोग गर्दै कुटपिट सुरु गरिहालेको प्रत्यक्षदर्शीले पीडित पत्रकार पोखरेलले बताए । घट्ना लगत्तै नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वास नेतृत्वको टोलीले सप्तरी प्रहरी प्रमुख एसपी नरेन्द्र कुमार कार्कीलाई भेटेर यस विषयमा छलफल गरेको छ । त्यस क्रममा एसपी कार्कीले दोषी प्रहरी सहायक निरीक्षकलाई तीन दिनभित्र कारवाही गर्ने प्रतिवद्धता जनाएको सचिव विश्वासले जानकारी दिए ।
आईतवार मात्रै सप्तरीका सीडीओ भुपेन्द्र थापाले अर्का पत्रकार मनोज माझीलाई दुर्ब्यवहार गरेका थिए। त्यस विषयमा उनले सोमबार माझी समक्ष माफी मागेका छन् ।

# पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा पोखरीमा डुबेर दुई बालिकाको मृत्यु भएको छ । आइतबार दिउँसो सप्तरीको बोदेबर्साईन नगरपालिका ३ बस्ने महादेव साहको पोखरीमा सोही नगरपालिकाको वडा नं. १ धनगढी बस्ने विध्यानन्द साहको ८ की किरन साह र वडा नं. ६ फुलकाही बस्ने धनराज साहको ८ वर्षीया छोरी शिवानी साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । भैंसीलाई पोखरीमा नुहाउन जाने क्रम्मा पोखरीमा डुबेर दुवैजनाको मृत्यु भएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।घटना स्थल सुरक्षित राखिएको तथा यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक सिंहले जानकारी दिए ।

जो व्यक्ति परिवर्तनसँग डराउँछ, मेहनत गर्न जाँगर चलाउँदैन, ऊ कहिले पनि आफ्नो जीवनमा सफल हुँदैन । यो मानिसको सबैभन्दा ठूलो कायरता हो ।

– अज्ञात

# सम्पादकीय

## मधेश सरकार विस्तार र अपेक्षा

मधेश प्रदेश सरकार विस्तार भएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा रहेको मधेश प्रदेश सरकार पाँचौपटक विस्तार भएको हो । विस्तारको पाँचौ पटकमा पूर्णता पाएको मधेश सरकारमा मुख्यमन्त्री, अर्थमन्त्रीलगायतका प्रभावशाली मन्त्रालयहरुमा जसपाकै होल्ड देखिएको छ । त्यतिमात्रै होइन, पहिलोपटक मधेश सरकारमा पनि मन्त्रीको मन्त्रालयलाई मुख्यमन्त्रीको कार्यालयमा राखिएको छ । प्रधानमन्त्रीले प्रधानमन्त्री कार्यालय हेर्ने गरी विनाविभागीय मन्त्री बनाएजस्तै मधेश प्रदेश सरकारमा पनि मन्त्री सुरिता यादवलाई मुख्यमन्त्री कार्यालयमा जिम्मेवारी दिइएको छ । मधेश सरकारमा जसपाको सारथी बनेको छ नेपाली कांग्रेस । उसले जसपापछि महत्वपूर्ण मन्त्रालयहरु पाएको छ । भौतिक पूर्वाधार विकास, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगै गृह, सञ्चार तथा कानुन मन्त्रालय पाएको छ । यसपछि जनमत पार्टीले मन्त्रालयहरु पाएको छ । जनमतबाट विना विभागीय बनाइएका मन्त्री र राज्यमन्त्रीले सोमबार राजीनामा दिएपछि उनीहरुका ठाउँमा जनमतले नयाँ मन्त्रीहरु पठाएको छ । पाँचौपटक सोमबार विस्तार भएको मन्त्रिपरिषदले मधेशका मुद्दामा काम गर्नु पर्नेछ । यसका लागि अब मन्त्रिपरिषद अरबी घौडाको रेसमा उत्रिनु पर्ने देखिन्छ ।

पछिल्लो समय मधेशमा पानीको हाहाकार छ । मधेशमा कर्मचारी काम गर्न आउनै मान्दैनन् । आएकाहरु पनि काज बनाएर फर्किन्छन् । त्यतिमात्र होइन, कर्मचारीहरु मधेश सरकारलाई वास्ता गर्दैनन् । सामाजिक सञ्जालमा मधेश सरकारको उछितो काढ्छन् । यो लगातार देखिएको छ । अर्कातिर जनता प्रदेश सरकार अनुभूत गरिरहेका छैनन् । प्रदेश सरकारले मधेशका जनतालाई के दिन्छ भन्नेसमेत सन्देश दिन मधेश सरकार सकिरहेको छैन । राजमार्गमा होडिङ बोर्डहरुमा मुख्यमन्त्रीको ठूलो फोटो त देखिन्छ । तर जनताको घरदैलोमा त्यो फोटोको उज्यालो पुग्न सकेको छैन । मधेश सरकारले दिने भनेको साइकल गोदाममा थन्किएको छ । दिइएको साइकलमा मुद्दा परेको छ । छोरी वीमा कार्यक्रममा आमाहरुले जम्मा गरेको रकममा मधेश सरकारले पठाउने रकम थपिएको पाइएको छैन । खातामा सरकारले पैसा पठाएको छैन । केही देखिने जनमुखी कार्यक्रम ल्याउन मधेश सरकारले सकिरहेको छैन । लाइन लागेर भाषण, औपचारिक कार्यक्रम, रिबन काट्ने, गमलामा पानी हाल्ने त निकै गरेको देखिन्छ । तर, जनताले राहत पाउने जनमुखी कार्यक्रम के हो ? सरकार नाजवाफ छ ।

पछिल्लो समय सबैभन्दा बढी थान फल्ने मधेश प्रदेशको धनुषाको ७३ प्रतिशत खेत बाँझै छ । मधेशमा जम्मा ५८ प्रतिशत रोपाइँ भएको तथ्यांक मधेशदृष्टिले सार्वजनिक गरेको छ । पर्सा र धनुषामा चापाकल सुकेर पानीको अभाव छ । यस्तो काकाकुल अवस्थामा साउनको आधाआधी बितेको छ । यो साउनको संकट टार्न मधेश सरकारले देखिने गरी सिन्को भाँच्ने काम गरेको हेर्न जनताले पाएका छैनन् । दुई मन्त्रीले एकदिन विज्ञहरुसँग छलफल गरेको तस्बिर फेसबुकमा आएको पाइएको हो । त्यो तस्बिरको समाचार बनाइदिएपछि केही हुनेखानेले पत्रिका पढे होलान्, रेडियो सुने होलान् । अनलाइनमा कति पढ्लान् जनता समाचार ? सबैतिर मन्त्रीले छलफल गरेको खबर पनि पुग्यो कि पुगेन ? टेलिभिजनमा समाचार हेर्ने बेला लाइन जाने भएकाले टिभीमा पनि मन्त्रीको छलफल हेर्न पाए कि पाएनन् ? यस्तोबेला निर्माण भएको र विस्तार भएको सरकारले साँच्चै जनअपेक्षा पूरा गर्ने कार्यक्रम ल्याओस्, शुभकामना । राम्रो काममा साझेदारी रहनेछ, जनताको चाहनाअनुसार खबरदारी भइरहने छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# सहृदयी र आत्मीय चिनियाँजन

'बहुराजनीतिक दल, अस्थिर सरकार, विकास निर्माणभन्दा सरकार बनाउन र सत्ता टिकाउनकै ध्यान छ म्यासेडोनियामा, आफ्नो देश विकास भएको हेर्न मन छ ।' उहाँका कुराले मलाई पनि आफ्नो देशको अवस्थासँग मिल्दोजुल्दो लाग्यो । हल्का पानी परिरहेको थियो । वरिपरिका रुखका पातहरु हल्लिरहेको वातावरण नियाल्दै पेट्रोभले थप्नुभयो, 'साँच्चै हरेक कुरा कति व्यवस्थित छ यहाँ ।' हन्जाउ सहरको सुन्दरता साँच्चै मनमोहक छ । अरु विकसित देशमा पनि भौतिक पूर्वाधार र सूचना प्रविधिको अत्यधिक विकास छ । त्यसका साथै प्राकृतिक सुन्दरता र हरियाली पनि उत्तिकै मन लोभ्याउने खालको छ ।



कालिका खड्का

आहा ! कति सुन्दर सहर, जताततै फूलैफूलको मनमोहक दृश्य, सुन्दर, शान्त, विशाल भवनहरु अनि जताततै हरियाली, सफा चट्ट, झट्ट हेर्ने बित्तिकै मनमा आनन्दको तरङ्ग पैदा हुन्छ ।

चीनको गन्जाउ हुँदै हन्जाउ सहरमा पुग्दा देखिएका दृश्य हुन यी । 'यति व्यवस्थित र सुन्दर कसरी भयो होला ?' यात्रामा सँगै सहभागी मित्र कमलमणि गौतमले आफ्नो मनको कौतुहता व्यक्त गर्दै भन्नुभयो, 'अद्भूत विकास, नेपाललाई यस्तै कहिले बनाउने होला ?' उहाँको प्रश्नका सवालमा अनायासै अर्का भ्रमणमा सहभागी मित्रले धुव्र भण्डारी (विश्व) ले थप्नुभयो, 'पैसाभन्दा पनि देशको नेतृत्वको भिजन हो, यहाँको नेतृत्वको ध्यान प्रकृतिमैत्री विकास केन्द्रित देखिन्छ ।'

ठूल–ठूला सहरका विशाल संरचना तर मानिसहरु कतै देखिएनन्, सडकमा अलिअलि गाडी गुडेका थिए । तर यत्रो सहरमा बस्ने मानिस कहाँ होलान् भन्ने मनमा सामान्य जिज्ञासा झट्ट आयो । तर चिनिया भाषा नजान्ने भएपछि सोधिहाल्ने कुरा पनि भएन । मनको चासो मनमै रह्यो । जेठ २१ गतेदेखि असार १२ गतेसम्म चीनको हन्जाउ सहरमा आयोजित 'विकासशील देशहरुको आर्थिक निर्माण र हरित दिगो विकास' विषयक गोष्ठीमा भाग लिन जाँदा यस्तै धेरै सवालहरु मनमा आए ।

एक दिन साँझ (जेठ २६ गते) बाहिर निस्कियौँ । गोष्ठीमा सहभागी हुन आउनुभएका म्यासेडोनियाका पूर्व सांसद टोडोर पेट्रोभले भन्नुभयो, 'वाउ ! कम्युनिष्ट राष्ट्रको विकास देखेर अचम्म लाग्यो, यो देश यति सम्पन्न, सुन्दर र यति भव्य होला भन्ने लागेको थिएन ।' उहाँले आफ्नो देशको अवस्थाबारे सुनाउनुभयो । उहाँको देशको अवस्था र नेपालको अवस्था मिल्दोजुल्दो रहेछ । उहाँले चासोपूर्वक नेपालबारे सोध्नुभयो । मैले नेपालको राजनीतिबाहेक अन्य विषयमा केही जानकारी दिने प्रयास गरेँ । नेपाल सानो तर सुन्दर राष्ट्र भएको सुनाएँ । विश्वको सर्वोच्च शिखर सगरमाथा, भगवान गौतम बुद्ध नेपालमा जन्मिएको, नेपालका चर्चित हिमालहरुबारे सुनाएँ ।

मैले धेरै जिज्ञासा उहाँकै देशका बारे राखेँ । उहाँले भन्नुभयो, 'बहुराजनीतिक दल, अस्थिर सरकार, विकास निर्माणभन्दा सरकार बनाउन र सत्ता टिकाउनकै ध्यान छ म्यासेडोनियामा, आफ्नो देश विकास भएको हेर्न मन छ ।' उहाँका कुराले मलाई पनि आफ्नो देशको अवस्थासँग मिल्दोजुल्दो लाग्यो । हल्का पानी परिरहेको थियो । वरिपरिका रुखका पातहरु हल्लिरहेको वातावरण नियाल्दै पेट्रोभले थप्नुभयो, 'साँच्चै हरेक कुरा कति व्यवस्थित छ यहाँ ।' हन्जाउ सहरको सुन्दरता साँच्चै मनमोहक छ । अरु विकसित देशमा पनि भौतिक पूर्वाधार र सूचना प्रविधिको अत्यधिक विकास छ । त्यसका साथै प्राकृतिक सुन्दरता र हरियाली पनि उत्तिकै मन लोभ्याउने खालको छ ।

एउटा रोचक प्रसङ्ग, चिनिया बालबालिकासँग सङ्ग्राहलय घुम्ने कार्यक्रम थियो । नेपाली देख्नेबित्तिकै चिनियाँ बच्चाले चिन्ने रहेछन् । एक सात÷आठ वर्षको चिनियाँ बालकले नेपाली भण्डा देखाउँदै मलाई झण्डामुनि हस्ताक्षर गर्न कलम थमाइ दिए । मैले हेरेँ । त्यहाँ धेरै देशमा झण्डाहरु थिए । गोष्ठीमा १७ देशमा ३३ जना सहभागी थियौँ । यतिका धेरै मानिसमा ठ्याक कसरी नेपाली नै हो भनेर चिनेको होला भनेर मलाई त्यो पल रमाइलो लाग्यो । मैले हस्ताक्षर गरेँ । उनीजस्तै तीन÷चार जनाले बच्चाले नेपाली झण्डा देखाएर हस्ताक्षर गर्न भने । आफ्नो झण्डा देख्दा रमाइलो लाग्यो ।

गोष्ठीमा अध्ययनका साथसाथै घुम्न जाने कार्यतालिका थियो । हन्जाउ सहरको वेस्ट लेक (पश्चिम ताल) घुम्न गइयो । कञ्चन पानी, सफा देखेर मुगुको रारा तालको सम्झना आयो । त्यो ताल चीन पुगेका मानिसका लागि अवलोकन गर्न निकै सुन्दर र प्रसिद्ध मानिदो रै'छ । प्राकृतिक सौन्दर्य मन लोभ्याउने खालको छ । धेरै मानिसहरु अवलोकन गर्न आउने गरेको भेटियो । प्राचीन मन्दिरहरू, सुन्दर बगैँचा, चारैतिर हरियाली बीचमा ताल जो कोहीलाई त्यहाँ पुग्दा आनन्द लाग्छ ।

गोष्ठी हन्जाउ सहरमा आयोजना भएको थियो । यो पछिल्लो समयमा विकास भएको सहर भए पनि भौतिक, सूचना प्रविधिको अधिक विकास छ । साथै, पुरै सहर फूल र हरियाली छ । नेपाल–चीन हिमालयमैत्री समाजका महासचिव रिनन पोखरेलले गोष्ठीमा जानुअघि भन्नुभएको थियो, 'पछिल्लो समयमा विकास भएको सहर हो । सुन्दरता र हरियालीको नाममा चिनिन्छ ।' साँच्चै सुन्दरताको बयान गरेर सकिन्न । जताततै फूल नै फूल । हेर्ने बित्तिकै प्रायः सबैले मुखबाट आउने एउटै शब्द 'आहा ! कति सुन्दर ।'



गोष्ठीकै क्रममा सिल्क सङ्ग्रहालय घुम्ने अवसर मिल्यो । त्यो सङ्ग्रहालयमा ऐतिहासिक कला, संस्कृति, चालचालनसम्बन्धी धेरै कुराहरु राखिएका थिए । सङ्ग्रहालयमा प्राचीन र समृद्ध संस्कृति, ऐतिहासिक वस्तुहरू, कला, विज्ञान, र विविधतासम्मका वस्तुहरूको सङ्ग्रह गरिएको छ ।

चीनको सङ्घाई सहर आर्थिक केन्द्रको ठूलो सहर हरेक कुरामा अत्यन्तै समृद्ध छ । त्यहाँ पुग्दा धेरै विदेशी पर्यटक देखिन्थ्यो । साँझमा लेकसाइडमा झिलीमिली बीचमा सुन्दर ताल देख्दा पोखरामा रहेको फेवातालमा साँझको समयमा घुमेको सम्झना आयो । उनीहरुको सजावट, संरचना र सरसफाई भने विशेष खालको छ ।

चीन जानुअघि खानाका विषयमा निकै चर्चा गरेको सुनेको थिए । त्यहाँ कुकुर, गाई, सुँगुरको मासु खाइन्छ भनेर । जे खानामा पनि गाईको मासु मिसाएको हुन्छ भन्ने । मनमा कस्तो होला जस्तो लागेको थियो । 'सी फुड' खाने बानी छैन । त्यो चाहिँ हातै हाल्न सकिन्न होला जस्तो लागेको थियो । तर खानाका परिकारहरु धेरै राखिएका कारणले खास अरुले भने झैँ असजिलो महसुस भएन । खाना समय निश्चित हुन्थ्यो । उसिनेका मकै, तरुल, साग, माछा यस्तै धेरै परिकार थिए, जुन मेरा लागि उपयोगी रहे । चीनमा १८ दिन बस्दा सादा खानामा उत्सव नै मनाएँ । हन्जाउ सहरको टोङ्गी भोकेस्नल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी विभागमा गोष्ठीको स्थान थियो । कलेजकै हजारौँले खाना खाने ठाउँ थियो । मित्रद्वय गौतम र भण्डारीलाई खाना एउटै सादा खालको महसुस भएको थियो । हामी नेपाली केही चिल्लो र मसलादार खाना खाएर हुर्किएका । खाना खाँदै गर्दा एक दिन भण्डारीले भन्नुभयो, 'कहिले नेपाल पुगेर गुन्दुरक र भात खाउँजस्तो लागेको छ, यो उसिनेको न अमिलो, न पिरो खाना खादा खादा दिक्क भइयो ।' त्यसमाथि थप्दै भण्डारीले जोड्नुभयो, 'मलाई त नेपालको मःमको याद आयो, नेपाल पुग्ने बित्तिकै मःम खान्छु ।'

गोष्ठीमा 'ग्रीन टी' राखिएको हुन्थ्यो । चीनमा दूध हालेको चिया वा कालो चिया खाएको कतै देखिएन तर ग्रीन टी भने प्रायः सबैले खाइरहेको देखियो । एकदिन मैले प्रसङ्गवस झेजिङ प्रान्तको स्वतन्त्र व्यापार विकास बोर्डका प्रशिक्षण विभाग प्रमुख शेङ यानपिङलाई चीनमा ग्रीन टी मात्र खाइन्छ ? भनेर सोधेँ । उत्तरमा उहाँले भन्नुभयो, 'चीनमा ग्रीन टी प्रसिद्ध छ, यहाँ उत्पादन गरेको ग्रीन टी आफूलाई खपत भएर पनि धेरै देशमा बेचिन्छ ।' उहाँ नेपालीलाई देख्दै बित्तिकै छिमेकी भनेर मुसुक्क हाँस्नुहुन्थ्यो । केही समस्या पर्यो भने स्वयम सेवक पनि थिए टोयवास र पेनी । उनीहरु असाध्यै अबोध बालक झैँ लाग्दथे । आफ्नै भाइ बहिनीजस्ता । त्यही कलेजमा पढेर केही समय स्वयम्सेवकका रुपमा काम गर्नुपर्ने नियमअनुसार उनीहरु कलेजमा आउथे । उनीहरु कामप्रति अत्यन्तै इमान्दार थिए । उनीहरु समयप्रति अति नै चनाखो हुन्थे । पेनीले औंलामा एकजोर चपस्टिक च्यापेर सबै खाना खान्थिन् । काँडा भएका माछा पनि काँडालाई जिभ्रोले नै छान्ने । हेर्दा रमाइलो लाग्ने । भातको सिता पनि चपस्टिक च्यापेर खाने । यसमा बानी नपरेका हामीलाई निकै असजिलो । एक÷दुई पटक मलाई पनि सिकाइन् । चीनको खाद्य संस्कृति प्राचीन नै छ । वास्तवमा यसले चिनिया संस्कार र संस्कति जोगाइराखेको छ ।

चीन बसाइकै क्रममा एकदिन साथीहरु मिलेर हन्जाउकै चर्चित बजार सिटिजन सेन्टर जाने कुरा भयो । त्यहाँका ट्याक्सीमा इपेमेन्ट गर्नुपर्ने तर हामीसँग त्यो सुविधा थिएन । एक चिनिया महिलाले ट्क्यासी 'बुक' गरेर पठाउनुभयो । तर, पैसा तिरिदिने ती ब्युटिसियन चिनियाँ महिलाले ट्याक्सीवालालाई दिएको स्थान फरक परेछ । ट्याक्सीले छाडेर गयो । तर ठाउँमा फरक परेछ । घानाका तीन साथी र नेपाली दुई जना थियौँ । चिनियाँहरुले अङ्ग्रेजी नबुझ्ने । एक प्रकारको समस्यामा परियो । अनि मित्र विश्वले ट्रान्सलेसन याप खोलेर अङ्ग्रेजीमा बोल्दै चिनियाँ भाषामा अनुवाद गरेर एउटा ट्याक्सीलाई सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले हाम्रो आग्रहलाई सहजै स्वीकार गर्नुभयो । ट्वाक्सीमा राखेर त्यस स्थानमा पु¥याइदिनुभयो । क्यास पैसा लिन अनुरोध ग¥यो । हामीसँग डिडिजल पैसा हुने कुरा भएन । उहाँले पैसा लिन मान्नुभएन । अनि भन्नुभयो, 'केही छैन, मैले छिमेकी राष्ट्रका मित्रहरुलाई सहयोग गर्न पाएँ, त्यही खुशी लाग्यो ।' सुरुमा ट्याक्सी बोलाउने ब्युटीसिएनले पनि हामीसँग पैसा लिन मान्नुभएन । उहाँले भनेको अहिले पनि ताजै छ, 'आफ्नो देशमा आएका पाहुनाहरुलाई स–सानो सहयोग गर्न पाउँदा खुशी लाग्छ, तपाईँहरु हाम्रो पाहुना हो ।' चिनियाँहरुमा रहेको इमान्दारिता र सहृदयतालाई कहिल्यै बिर्सन सक्दिनँ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान् , हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन् , धेरै समयपछि आत्मीयजन सँग भेट होला।

# योजना कार्यक्रम तथा बजेट कार्यान्वयनबीच खाडल छ– उपाध्यक्ष डा. श्रेष्ठ



**रासस**
**काठमाडौँ ।**
संसदीय समितिका सदस्यहरुले सुशासन र सेवा प्रवाहका क्षेत्रलाई प्रभावकारी तुल्याउन स्रोतको वितरणमा सन्तुलन नदेखिएको गुनासो गरेका छन् । राष्ट्रिय सरोकार तथा समन्वय समितिको सोमबारको बैठकमा उनीहरुले आवश्यकताभन्दा पहुँचका आधारमा योजना छनोट र बजेट विनियोजन हुँदा उपलब्धि हासिल हुन चुनौती खडा गरेको तर्क प्रस्तुत गरे ।

समिति सदस्य गोपी आच्छामीले नीति तथा कार्यक्रम र बजेटमा राजनीतिक दृष्टि आउन नसेको मात्र नभई विचौलीयाको स्वार्थमा आयोजना र बजेट तय हुने गरेको विचार प्रकट गरे । राजनीतिक उद्देश्य प्राप्तिपछि विकास र समृद्धिका लागि कृषि, पर्यटन, जडीबुटी र जलस्रोत क्षेत्रको दीर्घकालीन विकासमा राजनीतिक दलबीच राष्ट्रिय बहस हुनपर्नेमा त्यो नदेखिएको उनको भनाइ थियो ।

सदस्य अच्छामीले भने, 'अहिले निर्माणको आवश्यकता भनेको मन्दिर र भ्यूटावर होकि विद्यालय ?' सदस्य शेखर सिंहले योजना आयोगबाट आयोजना छनोट गर्दा आवश्यकताका आधारमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष भएर काम गर्न नसक्दा मुलुक खाद्यान्नमा समेत आत्मनिर्भर हुन नसकेको उदाहरण प्रस्तुत गरे ।

सभापति दिलकुमारी रावलले आवश्यकता र औचित्यका आधारमा आयोजना छनोट र बजेट विनियोजन नहुँदा विसकामा भन्दा विनाशमै राष्ट्रिय ढुकुटी खेर गएको धारणा व्यक्त गरे । उनले भने, 'हामीले छनोट गरेको योजना हुन् वा आयोजना हुन् प्राथमिकीकरण मिलेन, स्थानीयवासीको सहभागिता जुटाउन नसकिएको आयोजनाले दीर्घ जीवन प्राप्त गर्छ भन्नेमा प्रश्न उठन सक्छ ।'यसअघि बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले नेपालको आवधिक योजना र विकासको अवस्थाबारे चर्चा गर्दै आयोजनाबाट पीडित र लाभान्वितबाट प्रस्तुत हुने माग र अवरोध चुनौतीकारुपमा रहेको बताए । उनले भने, 'बजेटभन्दा बाहिर आफूखुसी कार्यक्रम सञ्चालन गर्ने, कन्सलटेन्सी, गोष्ठी र भ्रमणमा ठूलो रकम खर्च गर्ने विकास साझेदारको गलत शैली छ ।' मिश्रित, उदार समाजवादउन्मुख अर्थतन्त्रजस्ता विकासको ढाँचा अभाव र अस्पष्टता पनि योजना कार्यान्वयको चुनौतीकारुपमा रहेको बताउँदै उनले वैदेशिक लगानी अत्यन्त न्यून भएकाले पनि असर पारेको उल्लेख गरे ।

योजना र कार्यक्रम, बजेट र कार्यक्रम, बजेट र कार्यान्वयनबीच खाडल रहेको तथा राजनीतिक अस्थिरता, कमजोर कर्मचारीतन्त्र, जटिल ऐन, नियम तथा प्रक्रिया र निजी क्षेत्रको प्रतिस्पधात्मक तथा उद्यमशीलताको अभाव पनि योजना कार्यान्वयनका मुख्य कारक भएको उपाध्यक्ष श्रेष्ठको भनाइ थियो ।

# रासायनिक मल अभाव छैनः मन्त्री



**रासस**
**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री बेदुराम भुसालले अहिले रासायनिक मल अभाव नरहेको बताएका छन् ।

प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिको आजको बैठकमा उनले मल अभाव नरहेको जानकारी दिँदै वितरणमा केही समस्या देखिएको हुनसक्ने बताए ।

'हाल दुई सय ८४ मेट्रिक टन रासायनिक मल मौज्दात छ । गत वर्षजस्तो यस वर्ष अभाव छैन', मन्त्री भुसालले भने, "सङ्घीय सरकारले आयात गरेर वितरणको जिम्मा स्थानीय तहलाई दिएको छ ।

स्थानीय तहअन्तर्गत वितरणको जिम्मा पाएका सहकारी संस्थाले राम्रोसँग वितरण नगरेका गुनासा आउने गरेका छन् ।' उनका अनुसार गत आर्थिक वर्ष २०७९÷८० मा मल खरिद गर्न सरकारले कुल रू ३८ अर्ब बजेट विनियोजन गरेकामा ३३ अर्ब बराबरको मल आपूर्ति गरेको थियो ।

चालु आवका लागि ३० अर्ब बजेट विनियोजन भएको कृषिमन्त्री भुसालले जानकारी दिए । गत आवमा खरिद भएको २५ हजार मेट्रिकटनबाहेक सबै नेपाल भित्रिसकेको उनले बताए ।

चालु वर्षको आगामी पुससम्म चाहिने मलका लागि ठेक्का प्रक्रिया अघि बढाइसकेको उल्लेख गर्दै मन्त्री भुसालले सरकारले ल्याउने मल गुणस्तरीय रहेको दाबी गरे ।

समयमा मल आयात हुन नसकेर अभाव सिर्जना भएको जिकिर गर्दै उनले यसको प्रमुख कारण स्थानीय सरकारले समयमा बजेट नपाउनु पनि रहेको बताए ।

'समयमा मल नआउनुको मुख्य कारण समयमा बजेट नपाउँनु हो । मल आयात गर्न कम्तीमा दुई सय २७ दिन लाग्दो रहेछ', उनले भने, 'यति लामो समय लाग्ने खरिद र ढुवानी प्रक्रियाका लागि समयमा बजेट पाइएन भने समस्या हुन्छ ।'

विश्वका धेरैजसो मुलुकले रासायनिक मल प्रतिस्थापन गरेर जैविक तथा प्राङ्गारिक मलसहित प्राकृतिक कृषि प्रणाली अबलम्बन गरिरहँदा नेपालले रासायनिक मल कारखाना खोल्ने वा नखोल्ने बारे स्पष्ट धारणा बनाउन सक्नुपर्ने कृषिमन्त्री भुसालको भनाइ छ ।

तराईका विभिन्न जिल्लामा वर्षा नहुँदा साउन मध्यसम्ममा देशभर करिब ७७ प्रतिशत मात्रै रोपाइँ सकिएको जानकारी दिँदै उहाँले यस वर्ष धान उत्पादन कम हुनसक्ने अनुमान गरे ।

अर्थ समितिको सोमबारको बैठकमा किसानलाई सहज रुपमा रासायनिक मल उपलब्ध गराउने विषयमा छलफल भएको थियो ।

समितिको बैठकले अल्पकालिन रुपमा मल अभावको समस्या समाधानका लागि पर्याप्त मल आयात गर्न, ढुवानी तथा वितरणलाई प्रभावकारी बनाउने र दीर्घकालीन रुपमा समस्या समाधानका लागि कारखाना खोल्नका लागि भइरहेको प्रक्रियाबारे सम्बन्धित निकायसँग जानकारी लिएको थियो । अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र लगानी बोर्डको कार्यालयले रासायनिक मलको माग तथा आपूर्तिको अवस्था र कारखाना खोल्ने विषयमा हालसम्म भएका प्रगतिबारे समितिलाई जानकारी गराएका हुन् ।

ज्येष्ठ सदस्यका रुपमा समितिको सभापति रहनुभएका विनोदकुमार चौधरीले रासायनिक मल खरिदका लागि पर्याप्त बजेट रहे÷नरहेको, विनियोजित बजेट अनुसार खरिद प्रक्रिया अघि बढे÷नबढेको, खरिद भएको मल ढुवानी भए÷नभएको र गोदाममा पुगिसेकेको मल वितरणको अवस्थाबारे सन्बन्धित निकायमार्फत जानकारी माग गरिने बताए ।

'रासायनिक मलमा अहिलेको बजार माग कति हो र त्यो कहाँबाट कसरी पूर्ति गर्ने हो भनेर अर्थ र कृषि मन्त्रालयलाई जवाफ माग गर्नेबारे समितिमा छलफल भयो । मल अभाव नहुनेगरी वितरणको 'रोडम्याप' पनि मन्त्रालयहरुसँग माग गर्ने भनेका छौँ', उनले भने । यी प्रस्ताव माथि अर्थ समितिले थप छलफल गरेर सम्बन्धित निकायलाई निर्देशन दिने उनले बताए ।

समितिको आजको बैठकमा सांसदहरु ज्ञानेन्द्रबहादुर कार्की, सोमनाथ अधिकारी, मुक्ताकुमारी यादव, नारायणप्रसाद आचार्य, पूर्णबहादुर तामाङ, मेटमणि चौधरी, जुलीकुमारी महतो, अम्मरबहादुर रायमाझी, छिरिङ डम्डुल लामा (भोटे)लगायतले रासायनिक मल हरेक वर्षको समस्या रहेकाले यसलाई दीर्घकालीन रुपमा समाधान गर्नुपर्नेमा जोड दिएका थिए ।

# साउन दोस्रो सातासम्म ७७ प्रतिशत रोपाइँ



**रासस**
**काठमाडौँ ।**
साउन १२ गतेसम्म देशभर ७७ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि सूचना तथा प्रशिक्षण केन्द्रले जनाएको छ । गत वर्ष यही समय अर्थात् साउन १२ गतेसम्म ९० प्रतिशत धान रोपाइँ सम्पन्न भएको केन्द्रका प्रमुख प्रकाशकुमार सञ्जेलले जानकारी दिए ।

देशभर १३ लाख ५७ हजार आठ सय १६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । जसमध्ये हालसम्म १० लाख ५३ हजार चार सय चार हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको केन्द्रले जनाएको छ । यस वर्ष कोशी प्रदेशमा ८४ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ८८ प्रतिशत भूभागमा धान रोपाइँ सम्पन्न भएको थियो । कोशी प्रदेशमा दुई लाख ७५ हजार एक सय ३३ हेक्टर क्षेत्रफल जमिनमा धान रोपाइँ हुने गरेकामा हालसम्म दुई लाख ३१ हजार एक सय १२ हेक्टर क्षेत्रफलमा मात्र धान रोपिएको केन्द्रले जनाएको छ ।

मधेस प्रदेशमा हालसम्म ५९ प्रतिशत भूभागमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष यही समयमा सो प्रदेशमा ८९ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो । मधेस प्रदेशमा तीन लाख ५४ हजार तीन सय ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । हालसम्म सो प्रदेशमा दुई लाख नौ हजार ८६ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ ।

बागमती प्रदेशमा हालसम्म ७२ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष साउन १२ गतेसम्म बागमती प्रदेशमा ९३ प्रतिशत रोपाइँ सकिएको थियो । यो प्रदेशमा एक लाख १३ हजार ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । यसमध्ये हालसम्म ८१ हजार चार सय २० हेक्कटर क्षेत्रफलमा मात्र धान रोपाइँ गरिएको छ ।

गण्डकी प्रदेशमा हालसम्म ८२ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । गत वर्ष साउन १२ गतेसम्म यो प्रदेशमा ९६ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो । गण्डकी प्रदेशमा एक लाख चार हजार छ सय २२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । जसमध्ये हालसम्म ८५ हजार सात सय ९० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ गरिएको छ । लुम्बिनी प्रदेशमा ८१ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ८५ प्रतिशत धान रोपाइँ सकिएको थियो । लुम्बिनी प्रदेशमा तीन लाख तीन सय ९२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । जसमध्ये हालसम्म दुई लाख ४३ हजार तीन सय १८ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ । कर्णाली प्रदेशमा हालसम्म ८५ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको केन्द्रका प्रमुख सञ्जेलले बताउनुभयो । गत वर्ष यही समयमा सो प्रदेशमा ७८ प्रतिशतमात्र रोपाइँ भएको थियो । कर्णाली प्रदेशमा ३८ हजार सात सय २७ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । सो प्रदेशमा हालसम्म ३२ हजार नौ सय १८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ । सुदुरपश्चिम प्रदेशमा हालसम्म ९९ प्रतिशत धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष पनि यही समयमा ९९ प्रतिशत नै रोपाइँ सकिएको थियो । सुदूरपश्चिम प्रदेशमा एक लाख ७१ हजार चार सय ७६ हेक्टर क्षेत्रफलमा रोपाइँ गरिन्छ । सो प्रदेशमा हालसम्म एक लाख ६९ हजार सात सय ६१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको केन्द्रले जनाएको छ ।

# आलु बिक्रीबाट राम्रो आम्दानी गर्दै गङ्गादेवका किसान



**रासस**
**रोल्पा ।**
गङ्गादेव गाउँपालिकाका किसानलाई यतिबेला आलु स्याहार्न भ्याइनभ्याइ छ । उनीहरुको दैनिकी बिहानैदेखि बेलुकासम्म आलु खन्ने र प्याकिङ गर्नमै बित्ने गरेको छ । आजभोलि कोही आलु खनेर बोरामा प्याकिङ गर्न त कोही गर्न मोटर बाटोसम्म बोरा ओसार्न व्यस्त देखिन्छन् ।

यहाँ माघ–फागुनमा रोपेको आलु जेठ अन्तिम साताबाटै खन्न सुरु भइसकेको छ ।

यहाँ हिउँदे र वर्षे गरी दुई किसिमको आलु उत्पादन हुन्छ । सिँचाइको पहुँच भएका ठाउँमा माघको पहिलो हप्तादेखि आलु खेती गरिन्छ भने सिँचाइको पर्याप्त सुविधा नहुने स्थानमा फागुन अन्तिम र चैतको पहिलो हप्तादेखि आलु खेती गरिने किसानको भनाइ छ ।

बाली स्याहार्न धेरै दुःख नहुने र छोटो समयमै उत्पादन दिनुका साथै आम्दानी पनि राम्रो हुने भएकाले गङ्गादेव गाउँपालिकाका अधिकांश किसान आलु खेतीतर्फ आकर्षित छन् । आलुले सामान्यतयाः ९० दिनमा प्रतिफल दिन सुरु गरिसक्छ । गङ्गादेव–३ का किसान पार्वती केसीलाई पनि वर्षभरिको घर खर्चको जोहो आलु खेतिबाटै हुन्छ । 'हामिले घर खर्च चलाउने भनेकै आलुखेती हो । आलु किन्न व्यापारी घरमै आउँछन् बेच्नका लागि कुनै समस्या छैन', केसीले भने । गङ्गादेव गाउँपालिकाका सबै वडामा आलु खेती राम्रो हुने भए पनि वडा नं. ३ आलुखेतीका लागि राम्रो मानिन्छ ।

आलु यहाँको मुख्य नगदेवाली भएकाले गाउँपालिकाको कृषि शाखाले आलु खेती विस्तार, बजारीकरणलगायतमा सहयोग गर्दै आएको गाउँपालिकाका कृषिशाखा प्रमुख टीका रामवलीले भन्नुभयो । यहाँ प्रत्येक किसानले न्यूनतम ३० देखि बढीमा दुई सय २० क्विन्टलसम्म आलु उत्पादन गर्ने गरेको उनको भनाइ छ । जेठ पहिलो सातादेखि हालसम्म यहाँबाट करिब १९ हजार क्विन्टल आलु बाहिर गइसकेको छ । यसपटक गङ्गादेवमा करिब ४० हजार क्विन्टल आलु फलेको र असोजसम्म सबै आलु बाहिरिसक्ने गाउँपालिकाका कृषि विकास शाखा प्रमुख वलीको भनाइ छ । यसपटक करिब रु १२ करोड बराबरको आलु बिक्री हुने अपेक्षा गरिएको उनले बताए । यहाँ उत्पादन हुने आलु दाङ, बुटवल, पोखरा र काठमाडौँसम्म पुग्ने गरेको छ । गंगादेवगाउँपालिकाले विशेष त आलु पकेट क्षेत्र, आलु ब्लक कार्यक्रम जिल्ला, आलु बिकास कार्यक्रम खुमलटारसँगको समन्वयमा काम गर्दै आएको छ ।

गाउँपालिकाले चालु आवमा विज्ञ नै बोलाएर तालिम समेत दिने योजना बनाएको छ ।

गङ्गादेव गाउँपालिकामा आलु बीउका लागि रष्ट्रिक स्टोरको समस्या भएको हुदा आलुको बीउ सुधारका लागि विभिन्न खालका रष्ट्रिक स्टोर निर्माण गर्ने र किसानलाई बीउ सुधारको लागि नयाँ आलुको मूल तथा उन्नत बीउको पहिलो पुस्ता नै वितरण गर्ने लक्ष्य लिइएको गाउँपालिकाका अध्यक्ष हरिबहादुर पुनले बताए । उनले आलुको उत्पादन बढाउन ठाउँमा सिँचाइका पहुँच पु¥याउने समेत लक्ष्य लिइएको बताए ।

'गङ्गादेव गाउँपालिकाले कृषिलाई विशेष प्राथामिकता दिएको छ । लुम्बिनी प्रदेशभर यहाँको आलुको चर्चा हुने गरेको छ', उनले भने ।

# नेप्से परिसूचकमा सामान्य सुधार

**रासस**
**काठमाडौँ ।**
अघिल्लो आइतबार चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक भएपछि लगातार ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आज सामान्य अङ्कको सुधार देखिएको छ ।

नेप्से परिसूचक सोमबार पाँच दशमलव ८४ अङ्कले बढेर दुई हजार एक सय छ दशमलव १८ अङ्क कायम भएको छ । सोमबार विभिन्न कम्पनीका दुई सय ६२ कम्पनीको ५५ लाख ३१ हजार सात सय ३७ कित्ता शेयर ४० हजार तीन सय तीन पटक खरिदबिक्री हुँदा एक अर्ब ८५ करोड ८० लाख दुइ हजार एक सय ७५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

जलविद्युत् समूह आठ दशमलव ५७, लघुवित्त समूह चार दशमलव १०, र म्युचुअल फन्डका उपसूचक घटेका छन् भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै व्यापार समूह ५६ दशमलव ०१ र उत्पादन तथा प्रशोधन समूह २५ दशमलव ७६ अंकले बढेका छन् ।

बैंकिङ समूह नौ दशमलव ६८, विकास बैंक १८ दशमलव १२, वित्त २३ दशमलव २०, होटल तथा पर्यटन तीन दशमलव ७६ र लगानी समूह शून्य दशमलव १० अङ्कले बढेको छ । त्यस्तै, जीवन बीमा समूह दुइ दशमलव ४८, निर्जीवन बीमा समूह चार दशमलव ६१ र अन्य समूह शून्य दशमलव ०८ अंकले बढेको छ ।

सोमबारको कारोबार पछि सनराइज ब्लुचिप फन्डको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव १० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने विइन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ३१ प्रतिशतले घटेको छ ।

सोमबार शिवम् सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै आठ करोड ८ लाख ८६ हजार छ सय पाँच बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै लक्ष्मी उन्नती कोषको एक लाख ९० हजार पाँच सय २५ कित्ता शेयर किनबेच भएको छ ।

# दूध उत्पादक किसानलाई अनुदान

**रासस**
**मध्यविन्दु ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई प्रतिलिटर १० अनुदान दिने भएको छ ।

किसानलाई प्रोत्साहन गरी पालिकालाई दूध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले अनुदान उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले उत्पादनका आधारमा अनुदान दिने नीतिअनुरूप आर्थिक वर्ष २०७८÷७९ देखि किसानलाई अनुदान दिन थालिएको बताउँदै सहकारीमार्फत प्रतिलिटर १० का दरले रकम उपलब्ध गराउने निर्णय गरिएको जानकारी दिए । उनका अनुसार गत आवमा प्रतिलिटर रू पाँच अनुदान दिइएको थियो ।

अनुदान रकम साना किसानसम्म पु¥याउन एक आर्थिक वर्षमा सहकारीमार्फत बिक्री गरेको दूधको परिमाणका आधारमा प्रदान गरिने अध्यक्ष पाण्डले बताए । 'गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीले उपलब्ध गराएको वार्षिक तथ्याङ्कको आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ', उनले भने, 'किसानलाई प्रोत्साहन गरी गाउँपालिकालाई दूध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले यस आव देखि शतप्रतिशत अनुदान रकम वृद्धि गरेका छौँ ।'

गत आवमा दुई सहकारी संस्थामार्फत किसानलाई अनुदान उपलब्ध गराइएको गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले बताए । कुल ५७ हजार



तीन सय २३ लिटर दूधमा प्रतिलिटर पाँचका दरले दुई लाख ८६ हजार छ सय १९ प्रदान गरिएको उनले जानकारी दिए ।

'गत वर्ष सहिद प्रदुक बहुउद्देश्य सहकारी संस्थालाई २२ हजार १६ लिटर दूधबापत रू एक लाख १० हजार ८० र साना किसान कृषि सहकारी संस्थालाई ३५ हजार तीन सय सात लिटर दूधका लागि रू एक लाख ७६ हजार पाँच सय ३९ उपलब्ध गराएका हौँ', उनले भने ।

यस वर्ष गत वर्षको तुलनामा बढी दूध उत्पादन हुने अनुमान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टङ्कनाथ घिमिरेले बताए ।

'पालिकालाई दुग्ध उत्पादमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्', उनले भने 'यहाँको पहाडी क्षेत्रमा पशुपालन गर्ने किसान कम भएकाले दूध उत्पादन कम भएको हो । यस वर्ष किसानको सङ्ख्या पनि बढ्ने अनुमान गरेका छौँ ।'

चालू आवमा 'दूधमा अनुदान कार्यक्रम'अन्तर्गत पाँच लाख बजेट विनियोजन गरिएको अधिकृत घिमिरेले जानकारी दिए । किसानका पक्षमा पालिकाले काम गरिरहेको यहाँका पशुपालक किसानले बताएका छन् । सोझै किसानको हातमा रकम जाने यो कार्यक्रम सबैका लागि अनुकरणीय रहेको किसान जीवन लम्सालले बताए । यस्ता कार्यक्रमले साना किसानलाई प्रोत्साहन मिलेको उनको भनाइ थियो ।

# चीनको विनिर्माण क्षेत्रको गतिविधिमा लगातार चौथो महिना पनि सङ्कुचन



**एएफपी**
**बेइजिङ ।**
विश्वको दोस्रो ठूलो अर्थतन्त्रलाई उकास्ने उद्देश्यले अधिकारीहरूले नयाँ उपायहरू जारी गरेपनि जुलाईमा चीनको विनिर्माण क्षेत्रको गतिविधि लगातार चौथो महिना सङ्कुचित भएको तथ्याङ्कले सोमबार देखाएको छ ।
नेशनल ब्यूरो अफ स्टाटिस्टिक्स (एनबीएस) का अनुसार आधिकारिक 'म्यानुफ्याक्चरिंग पर्चेजिङ म्यानेजर इन्डेक्स (पीएमआई)' ४९.३ मा आएको छ, जुन विस्तार र सङ्कुचनलाई छुट्याउने ५० अङ्कभन्दा कम हो ।
बिनिर्माणसम्बन्धी गतिविधि जुलाईमा जूनको ४९.० को तथ्याङ्कभन्दा सामान्य बढी भए पनि यसमा सामान्य वृद्धि भएको छ ।
यो वृद्धि ब्लुमबर्ग सर्वेक्षणको पूर्वानुमानभन्दा राम्रो देखिएको छ । एनबीएसका तथ्याङ्कविद् झाओ किङ्हेले भने, 'विनिर्माण समृद्धिको समग्र स्तरमा सुधार भइरहेको छ ।'चीनले कोभिड–१९ पछिको पुनरुत्थानको गति कम हुँदै जाँदा र उपभोक्ताको खर्चमा आएको सुस्तताका कारण आर्थिक वृद्धिमा सुधार ल्याउन सङ्घर्ष गरिरहेको छ ।
सेवा र निर्माण क्षेत्रमा व्यावसायिक भावना मापन गर्ने गैर–विनिर्माण पीएमआई जुनमा ५३.२ प्रतिशत रहेकोमा जुलाईमा ५१.५ प्रतिशत विन्दुमा झरेको छ ।
यसो हुनुमा चिनियाँ पूँजी बजार सेवाहरू र रियल इस्टेटका गतिविधिमा आएको सङ्कुचन जिम्मेवार रहेको देखिएको छ ।
हालैका महिनाहरूमा निराशाजनक आर्थिक तथ्याङ्कहरूले अधिकारीहरूलाई नयाँ आर्थिक समर्थन उपायहरू अनावरण गर्न उत्प्रेरित गरेको छ ।
सरकारले सोमबार उपभोग बढाउन २० बुँदे योजना सार्वजनिक गरेको छ, जसमा आवासको माग, संस्कृति र पर्यटन क्षेत्र र विद्युतीय सवारी जस्ता हरित खपतका लागि थप सहयोग समावेश छन् ।
यसै महिना चीनले दोस्रो त्रैमासिकमा आफ्नो अर्थतन्त्र ६.३ प्रतिशतले वृद्धि भएको बताएको थियो, जुन विश्लेषकहरूको सर्वेक्षणको आधारमा एएफपीले गरेको ७.१ प्रतिशतको प्रक्षेपणभन्दा निकै कमजोर थियो । चिनियाँ शीर्ष नेताहरूले अर्थतन्त्रले 'नयाँ कठिनाइ र चुनौतीहरू' का साथै 'प्रमुख क्षेत्रहरूमा लुकेका खतराहरू' को सामना गर्नुपरेको चेतावनी दिएका छन् । झाओले सोमबार विदेशी मागको कम मात्रालाई सङ्केत गर्दै 'जटिल तथा गम्भीर बाह्य वातावरण' र कमजोर माग हुनुलाई चिनियाँ निर्माताहरूको लागि प्रमुख चुनौतीको रूपमा वर्णन गरे ।

# सङ्कटग्रस्त लेबनानको केन्द्रीय बैंकका प्रमुखद्वारा राजीनामा



**एएफपी**
**बेरुत ।**
सङ्कटग्रस्त लेबनानको केन्द्रीय बैंकका प्रमुख रियाद सलामेहले सोमबार पदबाट राजीनामा दिनुहुने भएको छ ।
लेबनानको गहिरो विभाजित राजनीतिक वर्ग ७३ वर्षीय सलामेहको स्थानमा नयाँ व्यक्ति प्रतिस्थापन गर्न सहमति जुटाउन असफल भएको छ । यसले राजनीतिक सहमति बन्न नसक्दा राष्ट्रपति चयन गर्न असफल मुलुकमा कामचलाउ सरकारद्वारा शासन रहेको गभर्नरको अर्को शक्ति शून्यता सिर्जना भएको छ ।
करिब ३० वर्षसम्म राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएका सलामेह लेबनानी राजनीतिक अभिजात्य वर्गका प्रमुख व्यक्तित्व छन् । उनलाई देशको आर्थिक मन्दीका लागि मुख्यरूपमा दोषी ठह¥याइएको छ, जसले मुद्राको अवमूल्यन हुनुका साथै गरिबीको दर बढेको देखेको छ ।
आफ्नो विरासतको बचाउ गर्दै सलामेहले केही दिनअघि एक स्थानीय प्रसारकलाई आफूलाई सङ्कटका लागि 'बलिको बोका' बनाइएको बताएका थिए ।
लेबनानको बाँकी राजनीतिक वर्गले उनलाई 'धेरै पहिले' त्यागेको आरोप लगाएका थिए ।
लेबनानको कानुनअनुसार सलामेहको ठाउँमा केन्द्रीय बैंकका पहिलो उप गभर्नर वासिम मन्सुरीले बार्यबाहक गभर्नरका रूपमा जिम्मेवारी सम्हाल्ने प्रावधान रहेको छ । तर, यसै महिनाको सुरुमा चारै जना उपराज्यपालले राजीनामा दिने चेतावनी दिएका थिए । मन्सुरीले सोमबार पछि यो पद सम्हाल्ने वा नलिने भन्ने बारे घोषणा गर्ने अपेक्षा गरिएको थियो ।भूमध्यसागरीय सानो देश (लेवनान) विगत चार वर्षदेखि विश्व बैंकले आधुनिक इतिहासकै सबैभन्दा खराब मध्येको एकको संज्ञा दिएको आर्थिक सङ्कटको चपेटामा परेको छ ।
करिब ६० लाख जनसङ्ख्या भएको लेबनानको राजनीति अत्यन्त जटिल छ किनभने १८ वटा मुस्लिम र इसाई सम्प्रदायलाई मान्यता दिने स्वीकारोक्ति प्रणालीअन्तर्गत शक्ति बाँडफाँड गरिएको छ ।लेबनानमा एक वर्षभन्दा बढी समयदेखि सीमित अधिकारसहितको कामचलाउ सरकारले शासन गर्दै आएको छ र नौ महिनादेखि राष्ट्रपतिविहीन छ । भ्रष्टाचार गरी अकुतरूपमा कमाएको सम्पत्ति देश तथा विदेशमा जम्मा गरेको आरोपमा सलामेहले दुई वर्षदेखि न्यायिक अनुसन्धानको विषय बन्नुपरेको छ ।
उहाँ फ्रान्स र जर्मनीको खोजीको सूचीमा हुनुहुन्छ र इन्टरपोलले उनको गिरफ्तारीका लागि रेड नोटिस जारी गरेको छ, तर लेबनानले आफ्ना नागरिकहरूलाई सुपुर्दगी गर्दैन ।एक युरोपेली कुटनीतिक स्रोतले एएफपीलाई बताएअनुसार सलामेहमाथि चाँडै नै पेरिसमा मुद्दा चलाइने छ ।
सन् २०२२ को मार्चमा फ्रान्स, जर्मनी र लक्जेम्बर्गले १२ लाख युरो (१३ लाख ५० हजार अमेरिकी डलर) बराबरको सम्पत्ति जफत गरेका थिए । गत फेब्रुअरीमा लेबनानले पनि सलामेहमाथि भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र कर छलीको आरोप लगाएको थियो ।
स्विट्जरल्यान्डका सरकारी अभियोजकले सलामेह र उहाँका भाइले ३० करोड अमेरिकी डलरभन्दा बढीको आर्थिक सहयोग गरेकोमा अनुसन्धान गरिरहेका छन् ।

# भारतीय रेलमा गोली चल्दा कम्तीमा चार जनाको मृत्यु



**एएनआई**
**मुम्बई ।**
भारतको महाराष्ट्रराज्यको जयपुरबाट मुम्बईतर्फ जाँदै गरेको रेलमा सोमबार बिहान रेलवे सुरक्षा बल (आरपीएफ) का एक जवानले गोली चलाउँदा कम्तीमा चार जनाको मृत्यु भएको छ ।
पश्चिम रेलवेका अनुसार, सीटी चेतन नाम गरेका सिपाहीले जयपुर–मुम्बई सेन्ट्रल एक्सप्रेस ट्रेनमा महाराष्ट्रको पालघर स्टेशन पार गरेपछि आरपीएफका असईसहित चार यात्रुहरूमाथि गोली चलाएका थिए । पश्चिम रेलवेबाट प्राप्त जानकारीअनुसार आरोपी हवल्दारलाई हतियारसहित पक्राउ गरिएको छ ।
जयपुर–मुम्बई सेन्ट्रल एक्सप्रेस (ट्रेन नम्बर १२९५६) को बी फाइभ डिब्बामा उक्त घटना भएको आरपीएफका अधिकारीहरूले बताएका छन् ।
आरपीएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "ट्रेन नम्बर १२९५६ मा सोमबार बिहान ५:२३ मा बी ५ कोचमा गोली चलेको खबर आएको थियो ।
अनुरक्षण (एस्कर्ट) सेवामा खटिएका सीटी चेतनले इन्चार्ज असई टीकाराममाथि गोली चलाएको पुष्टि भएको छ । रेल बीभीआईमा आइपुग्नु पहिले प्राप्त अग्रिम जानकारी अनुसार, असईको अतिरिक्त अन्य तीन सर्वसाधारणको हताहती भएको पनि रिपोर्ट गरिएको छ ।
आरपीएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आक्रमणकारी असईलाई प्रहरीले समातेको छ र डीसीपी नर्थ गभर्नमेन्ट रेलवे प्रहरीलाई खबर गरिएको छ भने यसबारे थप विस्तृत रिपोर्ट अनुसन्धानपछि जानकारी गराइनेछ ।'

# पाकिस्तानको बाजौर विस्फोटमा मृत्यु हुनेको संख्या ४४ पुग्यो



**सिन्हा**
**इस्लामावाद ।**
पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको बाजौर जिल्लामा आइतबार भएको आत्मघाती विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ४४ पुगेको प्रान्तका स्वास्थ्य मन्त्रीले सोमबार जानकारी गराउनुभएको छ ।
रियाज अनवरले स्थानीय सञ्चारमाध्यमलाई दिएको जानकारीअनुसार विभिन्न अस्पतालमा उपचारको क्रममा नौ जना घाइतेको मृत्यु भएपछि मृतकको सङ्ख्यामा वृद्धि भएको हो । बम विष्फोटमा परी २०० भन्दा बढी व्यक्ति घाइते भएको र तीमध्ये १०० भन्दा बढीको अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिए ।
घाइतेमध्ये कम्तीमा १० जनाको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने आशङ्का गर्दै अनवरले सबै गम्भीर बिरामीलाई हेलिकप्टरमार्फत प्रान्तीय राजधानी पेशावर लगिएको जानकारी दिए ।जिल्लाको मुण्डा खार सडकको शान्ते मोर क्षेत्र नजिकै जमीयत उलेमा–ए–इस्लाम–फजल (जेयूआई–एफ) को राजनीतिक भेलाका क्रममा एक आत्मघाती आक्रमणकारीले आफ्नो ज्याकेटमा राखिल्याएको विस्फोटक पदार्थ विस्फोट गराएको प्रहरीले जनाएको छ ।आक्रमणमा भेलामा आएका केही उलेमा–ए–इस्लाम–फजल समर्थक नेता तथा कार्यकर्तासहित केही सर्वसाधारणसमेतको हताहती भएको थियो । उक्त आक्रमणमा एक स्थानीयस्तरका उच्च नेताको समेत मृत्यु भएको थियो । आक्रमणको जिम्मेवारी सोमबार यो समाचार तयार पार्दा कुनै व्यक्ति वा समूहले लिएको छैन । उक्त क्षेत्रमा यस पहिले पनि उक्त दलको कार्यक्रमलाई लक्षित गरी स्थानीय इस्लामिक स्टेट (आइएस) ले आक्रमण गरेको थियो ।

# आर्थिक सङ्कटले श्रीलङ्काकाको वास्तविक मित्र पहिचान गरायो

**एएनआई**
**चेन्नई ।**
भारत र श्रीलङ्काबीचको सांस्कृतिक र आर्थिक सम्बन्धका लागि मछुवा मुद्दाको 'स्थायी समाधान' महत्वपूर्ण रहेको श्रीलङ्काले जनाएको छ ।
श्रीलङ्काका जलस्रोत, आपूर्ति तथा पूर्वाधार मन्त्री जीवन थोन्डमानले भारत र श्रीलङ्काबीचको सम्बन्ध बलियो र घनिष्ठ रहेको बताउँदै आर्थिक सङ्कटका बेला श्रीलङ्काको वास्तविक मित्र को हो भन्ने कुरा उजागर भएको बताएका छन् ।
पूर्वाधारमन्त्रीले आफ्नो एक सातालामो भारत भ्रमणपछि चेन्नई विमानस्थलमा पत्रकार सम्मेलन गर्दै उक्त कुरा बताएका हुन् । सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री थोन्डमानले भने, 'गत साता श्रीलङ्काका राष्ट्रपति रानिल विक्रमासिङ्घेसँग हामीले दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेका थियौँ ।



प्रधानमन्त्री मोदीसँगको भेटमा हामीले धेरै विषयमा छलफल गर्यौं र नवीकरणीय क्षेत्रको विकासका लागि सहमति र सम्झौतामा हस्ताक्षर भएको छ ।'
उनले आर्थिक सङ्कटका बेला श्रीलङ्काको वास्तविक मित्र को हो भन्ने कुरा सारा विश्वले थाहा पाएको बताउँदै भने, 'भारत र श्रीलङ्काबीचको सम्बन्ध निकै प्रगाढ र घनिष्ठ छ । यसमा केही शक्तिको घुसपैठले कुनै अर्थ राख्दैन ।'श्रीलङ्काका मन्त्रीले प्रधानमन्त्री मोदीसँगको भेटमा विशेषगरी तामिल समुदायका साथै मछुवाका मुद्दासँग सम्बन्धित केही विषयमा पनि छलफल भएको बताए । उनले आइतबार तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनलाई पनि भेटेर मछुवाहरूको समस्याको स्थायी समाधानका विषयमा छलफल गरेका थिए ।

# युक्रेनी ड्रोनद्वारा रूसी प्रहरी चौकीमा आक्रमण



**एएफपी**
**मस्को ।**
युक्रेनी ड्रोनले रूसको सीमावर्ती क्षेत्र ब्रायन्स्कको एक प्रहरी चौकीमा आइतबार रातभर आक्रमण गरेको तर कुनै पनि व्यक्तिको मृत्यु नभएको क्षेत्रीय गभर्नरले सोमबार बताएका छन् । अलेक्जेन्डर बोगोमाजले टेलिग्राममा भनेका छन्, 'युक्रेनी सेनाले टुब्वेभ्स्की जिल्लामा राति आक्रमण गरेको छ । यस जिल्लाको प्रहरी चौकीमा एउटा ड्रोन ठोक्किएको थियो । आक्रमणबाट झ्याल र छानामा क्षति पुगेको छ तर कुनै हताहती भने भएको छैन ।'मस्को र क्रिमिया प्रायद्वीपलाई लक्षित गरी युक्रेनी ड्रोन खसालिएको र यसले राजधानीका दुई कार्यालय टावरमा क्षति पु¥याउनुका साथै एउटा अन्तर्राष्ट्रिय विमानस्थलमा केही समयका लागि उडान अवरूद्ध भएको रूसले जनाएको छ ।
मस्कोलाई लक्षित गरी बनाइएको एउटा ड्रोन शहरको बाहिरी इलाकामा खसालेको र अन्य दुई ड्रोनलाई 'इलेक्ट्रोनिक वारफेयरले दबाएर' कार्यालय परिसरमा खसालेको रूसी रक्षा मन्त्रालयले जनाएको छ । युक्रेनी सीमाबाट करिब ५०० किलोमिटर (३१० माइल) टाढा रहेको मस्को र यसको वरपरको इलाकालाई युक्रेनमा जारी द्वन्द्वका बेला यस वर्ष कैयौँ ड्रोन आक्रमण भए पनि यसले कमै मात्रमा मानवीय निशाना बनाएको थियो ।




# नेपालको ए टिम बनाउने क्यानको तयारी

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल क्रिकेट संघ क्यानले नेपालको ए टिमको लागि तयारी सुरु गरेको छ ।
आउँदै गरेका प्रतियोगिताको तयारीका लागि प्रशिक्षणमा रहेका खेलाडी र अन्य केही सर्ट लिस्ट खेलाडीलाई प्रशिक्षणमा राख्दै नेपालको ए टिम बनाउने तयारीमा लागि रहेको क्यानका कार्यवहाक सचिव दुर्गाराज पाठकले जानकारी दिए । 'हामी अहिले केही खेलाडीलाई भारत प्रशिक्षणमा पठाउने तयारीमा रहेका छौं । जति सक्दो छिटो हामी नेपालको ए टिम निमार्ण गर्ने प्रक्रियामा रहेका छौं', उनले भने ।
एसिया कप र टी–२० क्वालिफर्यसका लागि पहिलो श्रेणीका खेलाडीलाई प्रशिक्षणमा पठाउने तयारी गरिरहेको क्यानले कम्तिमा पनि ३० देखि ३५ खेलाडीको समुह तयार पारी मुख्य टिम र ए टिम बनाउने छ ।
पाठकले भने, 'हाल एसिया कपको तयारीका लागि हामीले कम्तीमा पनि ६÷७ जना खेलाडी भारत पठाउन लागेका हौं । खेलाडी छनोट गर्दा हामीले मुख्य त आउँदो दुई प्रतियोगितालाई खेलाडी पठाउन लागेका हौं ।' क्यानले यहि हप्ता भारत प्रशिक्षणका लागि पठाउने खेलाडीको नाम टुङ्गो लगाउने उनले बताए । आगामी योजनाहरुलाई समेत टेवा पुग्ने गरि प्रशिक्षक मोन्टी देशाइ र टिम व्यवस्थापकको सल्लाह अनुसार खेलाडी छनोट गरिएको पाठकले जानकारी दिए ।

# भयावह बन्दै लम्पी स्किन, मधेशमा २ हजार २५ पशुको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशव्यापीरुपमा फैलीएको लम्पी स्किन रोगका कारण मधेश प्रदेशमा दुई हजार भन्दा बढि पशुहरुको मृत्यु भएको छ । मधेश प्रदेशको आठवटै जिल्लामा यस रोगका कारण गाईबस्तुको व्यापक क्षती भएको तथ्यांक प्रस्तुत गरिएको छ । लम्पी स्किन रोगका कारण मधेश प्रदेशमा दुई हजार भन्दा बढि गाईबस्तु सहितका पशुहरुको मुत्यु भएको तथ्याङ्कले देखाएको छ ।
मधेश प्रदेश सरकारको भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको जानकारी अनुसार सिरहामा सबै भन्दा बढी ११ सय १८ गाई,भैसी सहितका पशुको मृत्यु भएको हो भने पर्सामा सबै भन्दा कम दुई पशुको मृत्यु सहित मधेश प्रदेशमा हाल सम्म यो रोगबाट २ हजार २५ पशुको मृत्यु भइसकेको छ । लम्पी स्किनका कारण सबै भन्दा बढि गाई÷गोरुको मृत्यु भएको देखिन्छ । मृत्यु भएको २ हजार २५ पशुमा भैसी÷राँगा मात्र छ छन भन्ने २ हजार १९ वटा गाई÷गोरुको मात्र मृत्यु भएको छ । मधेश प्रदेशका आठवटै जिल्लाहरुमा हाल सम्म ४५ हजार ८ सय २५ पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाई सकिएको समेत पशु अधिकृत चिकित्सक डा. रञ्जित कुमार अधिकारीले जानकारी गराएका छन् ।अहिले सम्म सप्तरी, सिरहा, महोतरी र पर्सामा खोप लगाउन सुरु गरिएको छैन भने सर्लाहीमा सबै भन्दा बढि १२ हजार ३ सय २५ पशुलाई खोप लगाइएको छ ।
सोमवार रोग विरुद्धको खोप अभियानलाई जनकपुरधाम स्थित सिताराम गाइ गौशालामा समुद्घाटन गर्दै मधेश प्रदेशका भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले मधेश सरकारले आठवटै जिल्लामा आठ÷आठ हजारको दरले कुल ६४ हजार खोप पठाएको बताएका छन् ।
यता मधेश सरकारले प्रदेशका पशुहरुमा खोप लगाउन सुरु गरेपछि रोग नियन्त्रण हुने विश्वास विश्वास व्यक्त गरेको छ ।

# मिथिला नगरपालिकाको अनुमानित बजेट ८० करोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि अनुमानित करिव ८० करोड बजेट प्रस्तुत गरेको छ । नगरपालिकाको केन्द्रबिन्दु ढल्केवरमा आयोजित १२ औं नगरसभामा नगरप्रमुख महेन्द्र महतोले अगामि आर्थिक वर्षको निति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । चालु तर्फ ६२ करोड र पुजीगत तर्फ १८ करोड गरि सो परिमाणको बजेट प्रस्तुत गरिएको छ । नगरसभाको समुदघाटन सत्रमा बोल्दै कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले मिथिला नगरपालिका क्षेत्र नं. चारको पनि मध्य र केन्द्र बिन्दु रहेकाले नेपाली कांग्रेसको नेतृत्वमा जनताले देख्ने गरि विकास हुने बताए । कांग्रेसले गर्न थालेको विकास र नगरपालिकाको समुचित व्यवस्थापनबाट अतालिएर केहि समुह नगरसभामा नआएको भन्दै उनले गठबन्धन आवद्ध शक्ति मिलेर नगरपालिकाको विकास गर्नुपर्ने बताए । नगरसभामा गठबन्धन आवद्ध माओवादी केन्द्र, नेकपा एस सहितका दलहरुको उपस्थिती थियो । उनीहरुले आफना कुरा र तर्क राख्नु पर्नेमा नगरसभानै बहिष्कार गर्नु एमालेको गल्ती र अनुचित हठ रहेको बताएका थिए ।
एता नगरसभामा एमालेबाट निर्वाचित नगर उपप्रमुख सुनिता सिंह बुढाथोकी सहित एमालेबाट निर्वाचित कुनै पनि प्रतिनिधी भने उपस्थित नभएको बताइएको छ । नगरकार्यपालिकामा एमालेको बहुमत छ । नगरसभाको बन्द सत्र सोमवार नै सुरु भएको र बजेट बाँडफाँडका लागि पाँच सदस्य समिति समेत गठन भएको नगरपालिकाले जनाएको छ ।

# धर्नामा रहेका आरती साहका परिवारलाई निशुल्क चेकजाँच



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डेढ महिना भन्दा बढि दिनदेखि न्यायको माग गर्दै संघीय राजधानी काठमाण्डौमा धर्नामा बसेका धनुषाका आरती साहका परिवारलाई निशुल्क चेकजाँच तथा औषधि दिइएको छ । समतामूलक समाज निर्माण महाअभियानका टिमले विगत ४६ दिनदेखि काठमाडौंमा धर्नामा बसेका आरति साहका परिवारलाई निशुल्क चेकजाँच तथा ओषधि दिएको हो । काठमाडौं स्थित माइतीघर मण्डलामा विगत ४६ औं दिन देखि धर्ना बसेका आरति साहका परिवारलाई स्वास्थ स्थिति अस्वस्थ रहेको जानकारी पाएपछि महाअभियानका सदस्य डाक्टर ऋषि साहद्वारा निःशुल्क चेकजाच गरि औषधि सहित प्रदान गरिएको छ । साथै सो टोलिले उनीहरुको मांगबारे गृहमन्त्रीका स्वकिय सचिवलाई टेलिफोन मार्फत जानकारी दिएको तथा सो कार्यमा महाअभियानका अध्यक्ष विजय प्रकाश निषाद ,उपाध्यक्ष सुनिता साह र मिना साह सदस्य सहितको उपस्तिथि रहेको थियो ।गृहमन्त्रीका स्वकिय सचिव मार्फत अवगत गराई गृहमन्त्रीसग छिटोभन्दा छिटो समय मिलाउन आग्रह समेत गरिएको अभियानकि उपाध्यक्ष सुनिता साहले जानकारी दिइन ।

# प्राधिकरणको वार्षिकोत्सवको उपलक्ष्यमा वृक्षारोपण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल विद्युत प्राधिकरणको ३८ औं वार्षिकोत्सवको अवसरमा वृक्षारोपण कार्यक्रम गरेको छ । सो अवसरमा प्राधिकरणको मधेश प्रदेश प्रादेशिक कार्यालयले वृक्षारोपण कार्यक्रम गरि वार्षिकोत्सव मनाएको छ । बिश्व र नेपाललाई हराभरा बनाउने उद्देश्यका साथ आज वार्षिकोत्सवको अवसरमा प्रादेशिक र यस कार्यालय अन्तर्गत पर्ने २३ वटै वितरण केन्द्रहरुमा एक साथ वृक्षारोपण कार्यक्रम गरिएको कार्यालयका प्रशासन प्रमुख रविन्द्र कुमार आलेले बताए । सो अवसरमा कार्यालयका सहायक प्रबन्धक सुनिल साह, कर्मचारीहरु, सहयोगीहरु सहितको उपस्थिती थियो ।

# बड माताको जन्मजयन्ती मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सत्संग नेपाल जनकपुरधामले जगत जननी बड माताको १३० औ जन्मजयन्ती मनाएको छ । सोमबार रामबहादुर साह धर्मशालामा बड माताको जन्मजयन्ती मनाइएको हो । ठाकुर अनुकुल चन्द्र जी महाराजकि धर्मपत्नी जगत जननी बड माताको जन्मजयन्तीको अबसरमा सोमबार राम बहादुर साह धर्मशालाको सभाकक्षमा भजन किर्तनको आयोजना गरिएको थियो ।
सत्संग नेपालका केन्द्रिय सदस्य रामकिशोर साहले बड माताको जन्मजयन्तीको अवसरमा प्रवचन दिएका थिए । कार्यक्रममा सत्संग नेपाल जनकपुरधामका अध्यक्ष दुख हरन साह, गोपाल साह,राम मूर्ति महतो मीना साह, ममता साह लगायत सयौ अनुयायीको उपस्थिती रहेको थियो ।

# अबध मिथिला फाउण्डेसनद्वारा सरसफाइ अभियान




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अबध मिथिला फाउण्डेशनले जनकपुरधामको ऐतिहासीक बारहविघामा सरसफाई गरेको छ । आइतबार फाउण्डेशनका अध्यक्ष डा पीके ठाकुरको अगुवाईमा एतिहासीक वारहविघा मैदानमा सरसफाई गरिएको हो । सरसफाई अभियानमा फाउण्डेशनका सचिव राजेन्द्र कुमार साह,सशस्त्र प्रहरी बलका निरिक्षक जय बहादुर,समाजिक अभियन्ता निशा मुक्ता,अजय कुमार महतो लगायत दजर्नौको उपस्थिती रहेको थियो । सरसफाई अभियानमा सशस्त्र प्रहरी बलका दजर्नौ जवान,जनक छात्रावासका छात्र र जुडो कराटे खेलका बालबालिकाहरु सहभागी भएका थिए ।



# गुप्ताको घर तोडफोडअघि छलफलमा बोलाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले नालामाथि बनाएका घर तथा संरचना तोडेको विषयलाई लिएर सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्च अदालतका न्यायधिश हरि प्रसाद फुयाँलले वीरगंज महानगरपालिकाले वडा नम्बर १० को कित्ता नम्बर ६,७ र ४२ का जग्गामा नक्सा पास भएको भन्ने जिकिर प्रस्तुत निवेदनमा देखिएको र निवेदकलाई पर्नसक्ने सुविधा सन्तुलनको दृष्टिकोणबाट जग्गामा बनेका संरचनालाई असर पर्ने कुनै पनि कार्य नगर्न नगराउन सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ को २ ख बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरेका हुन् । आदेशमा साउन २५ गते दुवै पक्षबीच अदालतमै छलफलको मितिसमेत तोकिएको छ । आफू मर्कामा परेको भनी वीरगंज महानगरपालिका वडा नम्बर १० का पवन कुमार गुप्ताले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । तर, महानगरले सोमबार साँझ पनि तोडफोड कायम राखेको छ । साँझ महानगरका प्रमुख राजेशमान सिंहका प्रेस सल्लाहकार महेस दासले महानगरमा अदालतको कुनै स्टे अर्डरबारे जानकारी नआएको बताए । उनले भने, 'कार्यालयमा त्यस्तो अर्डर आए महानगर अदालतको निर्णयको स्वागत र सम्मान गर्ने छ ।'

# स्थानीय तहमै पुगेर मिटरब्याजीविरुद्धको मुद्दामा सुनुवाइ



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले अनुचित लेनदेन अर्थात मिटरब्याजीविरुद्ध परेका उजुरीको छिनोफानोको लागि स्थानीयस्तरमै पुगेर टुङ्गो लगाउन पीडितमैत्री अभियान सुरु गरेको छ ।
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालको नेतृत्वमा खटिएको टोलीले पर्साको पोखरियामा पुगेर पीडितलाई थप राहत होस् भन्ने उद्देश्यले छलफल गरी १५ वटा मुद्दा सहमतिमा टुङ्ग्याएको छ ।
पोखरिया नगरपालिका क्षेत्रबाट परेका ४७ उजुरीमध्ये २१ वटा उजुरीमा छलफल भएको र १५ वटा मुद्दा टुङ्गिएको र अन्य पनि सहमति नजिक पुगेको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए ।
निवेदक र विपक्षीलाई सहज होस् भन्ने उद्देश्यले गाउँमै पुगेर उजुरीको छिनोफानो गर्ने निर्णय जिल्ला प्रशासनले लिएको र पहिलो दिन इलाका प्रहरी कार्यालय पोखरियामा निवेदक र विपक्षीलाई बोलाएर २१ वटा मुद्दाको छलफल गरिएको र मंगलबार २६ वटा मुद्दामा छलफल गराई सहमतिमा टुङ्ग्याउने निष्कर्षमा स्थानीय प्रशासन पुगेको लम्सालले बताए ।
सहायक प्रमुख जिल्ला अधिकारी लम्सालसहित जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी निर्मल बुढाथोकीसहितको टोलीले पोखरिया पुगेर मिटरब्याजीविरुद्धको उजुरीमा दुवै पक्षलाई राखेर समस्या समाधानमा पहल गरेको पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए । मिटरब्याजी अर्थात अनुचित लेनदेनको कसुरमा जिल्ला प्रशासन पर्सामा १ हजार ३ सय २१ उजुरी परेकामा २ सय ५९ उजुरीमा दुवै पक्षबीच मिलापत्र भएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए ।
१ हजार ३ सय २१ उजुरीमध्ये ५ सय उजुरीमा छलफल भइरहेको छ ।
मिटरब्याजीविरुद्ध पर्सामा अनलाइन उजुरीसमेत दर्ता गरिएको थियो । जिल्ला प्रशासन कार्यालय पर्साले मिटरब्याजीविरुद्ध वैशाख १७ देखि उजुरी दर्ता गर्न सुरु गरेकामा पर्साका १४ वटै स्थानीय तहमा पुगेर उजुरीविरुद्धको सुनुवाई गर्न प्रशासनले अभियान सुरु गरेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

# धर्म परिवर्तन रोक्न माग गर्दै ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालका लागि नेपाली पार्टी, पर्साले सिडिओ कार्यालयमा ज्ञापन पत्र बुझाइएको छ ।
पर्सामा रोग निको पार्ने बहानामा सोझासाझा हिन्दू समाजका सदस्यलाई प्रलोभनमा पारी इसाई बनाउने कार्य भइरहेको पार्टीको दाबी छ । धर्म परिवर्तन गराउने कार्यमा संलग्नलाई कानुनले कारबाही व्यवस्था गरेकाले यस्तो कार्यमा संलग्नलाई पनि कारबाही गर्न पार्टीले माग गरेको छ । धर्म परिवर्तनले समाज र राष्ट्रलाई दुर्घटनामा पु¥याउने बताउँदै पार्टीले पर्साका सहायक सिडिओ भीमकान्त पौडेललाई ज्ञापन पत्र बुझाएको हो । जिल्ला अध्यक्ष इन्जिनियर अनिल कुर्मीको अगुवामाई सिडिओ कार्यालय पुगेको टोलीमा पार्टीका केन्द्रीय अध्यक्ष सन्तोषानन्द महाराज, महामन्त्री दीपक महाराज आत्रेय, सचिव तुलसी पौडेल, कोषाध्यक्ष विष्णुभक्ति दास, केन्द्रीय सदस्य पिया सिंह, मधेश प्रदेश उपाध्यक्ष मुना गुप्ता, कोषाध्यक्ष पारस दुवेदी, पर्सा उपाध्यक्ष पवन गुप्ता, सचिव नवीन मिश्रा, सहसचिव आनन्द सिंह, कोषाध्यक्ष प्रणय सिन्हा, जिल्ला सदस्य सन्तोष कुशवाहालगायतको सहभागिता थियो ।

# रौतहट बन्द रोकिँदा प्रभु साहलाई कारबाही माग



**मधेशदृष्टि**
**वीरगंज ।**
गौर हत्याकाण्ड पीडिति संघर्ष समितिले सोमबारदेखि घोषणा गरेको अनिश्चितकालीन रौतहट बन्द स्थगित गरेको छ ।
संघर्ष समितिकी संयोजक रुपसागर देवीले आइतबार साँझ प्रेस वक्तव्य जारी गर्दै अनश्चितकालीन रौतहट बन्दको कार्यक्रम तत्कालका लागि स्थगित गरेको बताइन् ।
आफूहरु न्याको माग गर्दै अनिश्चितकालीन बन्द गर्न लागेको आन्दोलनको कार्यक्रममा सत्ताधारी पार्टीहरु मुठभेड सिर्जना गर्न खोजेकाले बन्दको कार्यक्रम तत्कालका लागि परिमार्जन गरी अन्य कार्यक्रम यथावत राखिएको उनले जानकारी दिइन् ।
१७ वर्षअघि तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा माओवादीले गौरको राइसमिलमा राखेको छुट्टाछुट्टै कार्यक्रममा झडप हुँदा २८ जना माओवादी कार्यकर्ता मारिएका थिए । जसमा दर्जनौँ व्यक्ति घाइते समेत भएका थिए । घटनाको मुख्य अभियुक्त तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलाई बनाउँदै २ सय ५३ जनामाथि जिल्ला प्रहरी कार्यालयमा जाहेरी परेको थियो । तर, हालसम्म प्रशासनले कारबाही प्रक्रिया अघि नबढाएको भन्दै पीडितहरु आन्दोलनमा उत्रेका छन् ।
दोषीहरुलाई अविलम्ब पक्राउ गरी कारबाही माग गर्दै संघर्ष समितिले साउन १ गते स्थानीय प्रशासनलाई ज्ञापन पत्र बुझाएको थियो । साउन १२ गतेदेखि अनिश्चितकालीन आन्दोलन सुरु भएको थियो ।
संघर्ष समितिले शुक्रबार पालिका–पालिकामा घटना विषयमा जानकारी गराएका थिए भने शनिबारदेखि रौतहटको चपुरमा पीडित परिवार आमरण अनशनमा बसेका छन् ।
यता, सत्तारुढ गठबन्धनले गौर नरसम्हारको मुख्यनाइके प्रभु साह भएको र उनको कारण माओवादी कार्यकर्ता मारिएको बताउदै वीरगंजका काशी तिवारी हत्याकाण्डका मुख्य योजनाकार रहेका साहलाई पक्राउ गरी कडा कारवाही गर्न सरकारसँग माग गरेको छ ।

# महावाणिज्यदूतद्वारा ऐतिहासिक स्थल अवलोकन








**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत नितेश कुमारले सोमबार जनकपुरधामको ऐतिहासिक सरोवर र मन्दिरको अवलोकन गरेका छन् ।
उनले ऐतिहासिक चुन्चुनबटीसर (नोचा पोखर) अवलोकन गरेका थिए । यस्तै, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले नोचा पोखर तटमा उनलाई स्वागत गरेका थिए । प्रमुख साहले नोचा पोखरको इतिहासबारे जानकारी दिएका थिए ।
नोचा पोखरको सौन्दर्यीकरणका लागि भारत सरकारले पहल गर्न सक्ने उनले बताए ।
यसपछि उनले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १२ मा रहेको पुरातन मन्दिर कुपेश्वर महादेव मन्दिरमा पूजापाठ गरे । वडा नम्बर १२ का वडा अध्यक्ष महेन्द्र साहले वाणिज्य महादुतलाई स्वागत गरेका थिए ।
यसपछि उनी कपलेश्वर महादेव मन्दिरमा पूजाअर्चनामा सरिक भए भने मन्दिरका अध्यक्ष मनोजकुमार साहले त्यहाँ स्वागत गरेका थिए । वडा नम्बर १८ का वडा अध्यक्ष रामचन्द्र पञ्जियारले मन्दिरको इतिहासबारे जानकारी दिएका ।

# सिक्री चोर्न पर्साबाट मोरङ पुगेको टोली पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
मोरङ प्रहरीले सिक्री चोरेर भागेको आरोपमा पर्साका तीनजनालाई पक्राउ गरेको छ । प्रहरीले वीरगंज महानगरपालिका–१६ का २६ वर्षीय विशाल राय, जगरनाथपुर गाउँपालिका–६ का २९ वर्षीय उमेश राय यादव र १० वर्षीय बालकलाई पक्राउ गरेको हो ।
प्रहरीले मोरङको सुन्दरहरैँचा नगरपालिका–८ सलकपुरबाट उनीहरुलाई पक्राउ गरेको हो ।
शनिबार बेलुका सुलकपुरस्थित बजारमा तरकारी किन्दै गरेकी सुन्दरहरैँचा–९ की निर्मला राईको घाँटीबाट विशालले सिक्री चोरेका थिए । बजारमा सिक्री चोरेर भागेका उनलाई स्थानीयले पक्रिएर प्रहरीको जिम्मा लगाएको थियो ।
तर, उनको साथमा सिक्री भेटिएन । बजारमा उनी नजिकै रहेका १० वर्षीय बालकको साथबाट सिक्री भेटियो । बालक बिशाल र उमेश चोरी हुनुअघि सँगै थिए । विशालले सिक्री चोर्नासाथ १० वर्षीय बालकलाई थमाइदिएर भागेको प्रहरीले बताएको छ ।
प्रहरीले बालकको साथबाट सिक्री बरामद गरेपछि उनीसँगै रहेका उमेशलाई पनि नियन्त्रणमा लिएको हो ।
प्रारम्भिक अनुसन्धानक्रममा तीनै जना पर्साबाट योजनावरुद्ध रुपमा चोरीका लागि आएको देखिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जनकुमार दाहालले जानकारी दिए । बालकलाई शंका नगर्ने र सजाय पनि कम हुने भएकाले यसरी प्रयोग गरेको देखिएको उनले बताए । सिक्री चोरेको आरोपमा पक्राउ परेकाहरु होटलमा बस्ने र गाडीमा हिँड्ने गरेको देखिएको प्रहरीले जनाएको छ । अन्य चोरीको घटनामा पनि संलग्न भएको आशंकामा अनुसन्धान भइरहेको डीएसपी दाहालको भनाइ छ ।

# मुस्लिम पर्वका नाममा हिन्दूमाथि ज्यादतीविरुद्ध धर्ना




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्वका आडमा मुस्लिम समुदायले हिन्दूमाथि ज्यादती गरेको भन्दै राष्ट्रिय एकता अभियानले काठमाडौँको माइतीघर मण्डलामा धर्ना दिएको छ । धर्नामा अभियानका केन्द्रीय अध्यक्ष विनय यादव, संविधान सभा सदस्य विपी यादव, अभियानको राष्ट्रिय सम्मेलन आयोजन समितिका महासचिव डा. प्रभात कुशवाहा, विद्यर्थी परिषदका पप्पू यादव, धीरज गिरी, चन्द्र यदुवंशी, दिवस पटेल, अविनाश यादवलगायत सहभागी थिए । 'मधेश प्रदेशमा जारी हिन्दू दमनविरुद्ध खबरदारी धर्ना' लेखिएको ब्यानरसहित धर्नामा बसेका सहभागीहरुले हिन्दूमाथि भइरहेको ज्यादतीविरुद्ध नाराजुलस पनि गरे ।
सहभागीहरुले 'मुस्लिम पर्वका आडमा हिन्दूमाथि गरिएको आक्रमणमा सम्मिलितलाई कारबाही गर, जिहादीको आक्रमणबाट घाइते हिन्दूको निःशुल्क उपचार व्यवस्था गर, इस्लामिक अतिक्रमणविरुद्ध कड़ा कानुन बनाऊ, जिहादी संरक्षक राष्ट्रिय मुस्लिम आयोग खारेज गर र जानकी मन्दिरसँगैको मुस्लिम वस्ती खाली गर' लगायतका नारा लगाएका थिए ।
सर्लाहीमा शनिबार मुस्लिम समुदायको मोहरम पर्व मनाउने क्रममा दुई पक्षबीच झडप भएको थियो । गोडैता बजारमा भएको झडपमा ६ प्रहरीसहित १० जना घाइते भएका थिए । हिन्दू–मुस्लिम झडप नियन्त्रण गर्न प्रहरीले २६ सेल अश्रु ग्यास र १६ राउन्ड हवाइ फायर गरेको थियो । त्यस्तै, रौतहटको बिजयपुर फतुवामा शम्भुकुमार रामलाई निर्घात कुटपिट गरी सिकिस्त घाइते बनाइएको छ भने महोत्तरीमा मुस्लिमको आक्रमणमा परी रवीन यादव र गगन कुमार महतो घाइते भएको अभियानले जनाएको छ । यस्तै, मुस्लिम पर्वको नाममा हिन्दू ज्यादतीविरुद्धमा जनकपुरस्थित राष्ट्रिय एकता अभियानको अगुवाइमा विभिन्न हिन्दूवादी संघसंगठनद्वारा जिल्ला प्रशाशन कार्यालय घेराउ गरी प्रदर्शन भएको छ । विगतमा भएको सर्वपक्षीय सहमति कार्यान्वयन नगरेको भन्दै हिन्दूवादी धनुषा प्रशासनप्रति आक्रोषित भएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन